
# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



दिवंगत संघनायक शाक्यानन्द महास्थविर

कार्तिक पूर्णिमा

वर्ष- १५ अङ्क- ७ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

DHARMAKIRTI

Downloaded from http://www.dhamma.digital

( विशेष समाचार )

# संघनायक महास्थविर भिक्षु शाक्यानन्दको निधन

तानसेन ! नेपालका ज्येष्ठ एवं संघनायक भिक्षु शाक्यानन्द महास्थविरको २०५४ कार्तिक ८ गतेका दिन विहान ८:३५ बजे यहाँस्थित मिसन अस्पतालमा उपचार गराउँदा गराउँदै निधन भयो । उहाँ फोक्सो, कलेजो र दम सम्बन्धी रोगबाट पीडित हुनुहुन्थ्यो ।

निधन पश्चात वहाँको पार्थिव शरीरलाई आनन्द विहारमा शव दर्शनार्थ ९ गते विहान १० बजेसम्म राखियो र त्यसपछि टुंडिखेल मैदानमा लगी भावपूर्ण श्रद्धाञ्जली सभाको समेत आयोजना गरिएको थियो ।

सो अवसरमा श्रद्धाञ्जली व्यक्त गर्नु हुँदै अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरले दिवंगत संघनायक थेरवादी बुद्धधर्मको रत्न मध्ये एक रत्न भएको कुरा औंल्याउनु हुँदै भन्नुभयो- वहाँले दशकौं तानसेनमै बस्नुभई गर्नुभएको सेवा तानसेनबासीहरूले बिर्सिनु हुँदैन, वहाँ आल्पेक्ष र लाभ प्रशंसामा कहिल्यै फँस्नु नभएको स्मरण गर्नुभयो । म्यानमारका महामहिम ऊ, तें, ला, राजदूतले श्रद्धाञ्जली व्यक्त गर्दै भन्नुभयो- वहाँले ७ वर्ष म्यानमारमा बुद्धधर्म अध्ययन गर्नुभई जीवन पर्यन्त बुद्धधर्म प्रचार प्रसार कार्यमा लाग्नु भएकोमा सम्मान स्वरूप म्यानमार सरकारले गत वर्ष मात्रै **"अग्ग महासद्धम्म ज्योतक धज"** उपाधिले विभूषित गरिएको थियो । यसरीनै पूर्व मन्त्री एवं सांसद विष्णु पौडेलले दिवंगत संघनायकले तानसेनवासीका लागि पुऱ्याउनु भएको योगदान सदापर्यन्त स्मरणीय भइरहने कुरा बताउनु भयो । वहाँकै निजी सचिव छत्रराज शाक्यले वहाँको जीवनका बारेमा प्रकाश पार्नुभयो ।

दिवंगत संघनायक महास्थविरको पार्थिव शरीरमा फूलमाला अर्पण गरी सांसद सोमप्रसाद पाण्डे, पूर्व सांसद हरि नेपाल लगायत विभिन्न बौद्ध विहार र संघ-संस्थाहरूका प्रतिनिधि तथा उपासक-उपासिकाहरू र श्रद्धालु भक्तजनहरूद्वारा अन्तिम भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको थियो । त्यसपछि टुंडिखेल मैदानबाट महाप्रयाण सम्मानयात्रा सहित तानसेन बजार र यहाँका विभिन्न विहारहरूमा दिवंगत संघनायकको पार्थिव शरीरलाई नगर परिक्रमा गराइएको थियो । परिक्रमामा थुप्रै श्रद्धालु भक्तजनहरूको सहभागी देखिन्थ्यो भने झ्याल, कौसी, छाना र पेटीमा बसी हेरिरहनेहरूले समेत फूल, चामल, पैसा आदि चढाएर भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको दृश्य पनि भावपूर्ण नै लाग्दथ्यो ।

नगरपरिक्रमा पश्चात वहाँको पार्थिव शरीरलाई एउटा पिकअपमा राखियो, अगाडि अगाडि बौद्ध झण्डा आधा झुक्याइएका मोटर साइकलहरू, त्यसपछि ३ वटा ठूला बस र अन्य गाडीहरू तानसेन शहरबाट ३७ किलोमिटर टाढा रहेको गण्डकी तट राम्दी घाटमा पुऱ्याइ सकेपछि अन्तेष्टी कार्य भएको थियो ।

दिवंगत संघनाथको अन्त्यष्टिमा संघ उपनायक भिक्षु अनिरूद्ध महास्थविर अ.ने.भि. महासंघका अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविर, अ.ने.भि. महासंघका उपाध्यक्ष भिक्षु सुदर्शन महास्थविर, गणमहा विहारका भिक्षु सुबोधानन्द महास्थविर, संघाराम भिक्षु तालिम केन्द्रबाट भिक्षुहरू अश्वघोष महास्थविर र कोण्डन्य, शाक्यसिंह विहारबाट भिक्षु धर्मपाल, लुम्बिनीबाट भिक्षु विमलानन्द महास्थविर र भिक्षु मैत्री, पोखराबाट भिक्षुहरू श्रद्धानन्द र गुरुमाँ कर्मशिला, विशुद्धानन्द र तानसेनवासी रेवती गुरुमाँ, श्रीघः विहारका उपासक धर्मदास ताम्राकार र गणमहा विहारबाट विद्या शाक्य र सुभद्रा उपासिकाहरू सहभागीका लागि तानसेन पुगेका थिए ।

संघनायक महास्थविर भिक्षु शाक्यानन्दको असामयिक निधनले बौद्ध जगतलाई स्तब्ध पारेको छ । वहाँको निधनले तानसेनमा भिक्षु नै सून्य भयो र बुद्धशासनलाई अपूरणीय क्षति पारेको छ र शोक सन्तप्त बौद्ध जगतलाई धैर्य धारणार्थ एवं वहाँको निर्वाण कामना गरी थाइलैण्डका संघराजा सोम्देच् फ्रा ञाणसंवर संघ सकल परिणायक, प्रधानमन्त्री सूर्यबहादुर थापा, नेपालका लागि म्यानमारका महामहिम राजदूत महामहिम श्रीलंका राजदूत करूणारत्नायक प्रमुख प्रतिपक्षी दलका नेता मनमोहन अधिकारी, नेपाली कांग्रेसका सभापति गिरिजा प्रसाद कोइराला, धर्मोदय सभा आदिबाट शोक सन्देश प्राप्त भइसकेको कुरा थाहा हुन आएको छ ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापक
**चिनीकाजी महर्जन**

सम्पादक
**भिक्षुणी वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २२०४६६

बुद्धसम्वत् २५४१
नेपालसम्वत् १११८
इस्वीसम्वत् १९९७
बिक्रमसम्वत् २०५४

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |

# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY
November 1997

| वर्ष- १५ | अङ्क- ७ | सकिमिलापुन्ही | मंसिर २०५४ |
|---|---|---|---|




★ काम गर्ने बेला मित्रद्वारा सहायता पाउनु सुख हो, जो मिल्यो त्यस्मा सन्तुष्ट हुनु पनि सुखै हो, मरणासन्न बेला गरेको पुण्य पनि सुखै हो ।

★★★

★ जरा न उखेली केवल काटेर मात्रै राखेको रुख फेरि फेरि उम्रे झैं तृष्णा र महत्वाकांक्षाको समूल नष्ट नगर्नेलाई यो दुःख बारंबार आउँछ ।

★★★

★ अंगपूर्ण मनुष्य भएर जन्मनु कठिन छ । फेरि नमरुन्जेल जीवित रहने पनि कठिन छ । धर्मश्रवण गर्नु कठिन छ भने बुद्धको जन्महुनु झन कठिन छ ।

Downloaded from http://www.dhamma.digital

# अनागारिका, अनगारिका, गुरुआमा, भिक्षुणी ... ?

कतिंपुन्ही, २०५४

श्रध्देय प्रधान सम्पादक ज्यू,
( महास्थविर भिक्षु अश्वघोष )
**"धर्मकीर्ति"** बौद्ध मासिक, काठमाडौं ।

**विषयः मेरो विन्तीपूर्ण जिज्ञासा समाधानार्थ अनुरोध ।**

श्रध्देय,

म "धर्मकीर्ति" को नियमित पाठक हुँ । निःशन्देह पनि "आनन्द भूमि" बौद्ध मासिक भन्दा "धर्मकीर्ति" ले धेरै प्रगति गरीसकेको र यस्ले बौद्ध समुदायमा मात्र नभई अन्यान्य क्षेत्रमा समेत प्रतिस्था कायम गरीसकेको कुरालाई राम्रो पक्ष नै मान्नु पर्छ ।

केही बर्ष यतादेखिन "धर्मकीर्ति" मा "अनागारिका" लाई "अनगारिका" मा बदलियो भने "अनगारिका" को ठाउँमा कहिले "गुरुआमा" शब्द राखिएको देखियो । फेरि अहिले आएर "भिक्षुणी" शब्द राखिएको देखियो । अझै यसैमा पनि कुनै पानामा त भिक्षुणी, कुनैमा अनगारिका र अझ कुनैमा अगाडि र पछाडी सानो कोस ( ) भित्र मात्र भिक्षुणी शब्द प्रयोग गरिएको समेत देखिनमा आयो ।

मलाई जहाँसम्म लाग्छ, यसरी आलतालको ढंगले भाषालाई (शब्द) चलनचल्तीमा प्रयोगको निम्ति ल्याउँदा पाठक बृन्दमा भ्रम श्रृजना हुन जान्छ । शुरुवातको "अनगारिका" शब्दलाई "अनागारिका" शब्दको रुपमा परिवर्तन गर्न जसरी ब्यवहारिक कठिनाइलाई मध्यनजर राखी तार्किक कुराहरु धर्मकीर्तिमा प्रकाशित भैसकेका छन् त्यसरी नै "अनगारिका" को रुप "भिक्षुणी" मा फेरिनाको औचित्य अर्थात कारण, ठोस प्रमाण, आधार वा तर्क अघि सार्नुपर्ने अपरिहार्यता देखिन्छ भन्ने पाठकहरुको आकांक्षा रहेको छ । "भिक्षुणी" शब्दको प्रयोगको औचित्यता प्रस्तुतीकरणमा कुनै निश्चित एक ब्यक्ति वा संध-संस्थाले नै अघिसार्नु पर्छ भन्ने कुरा चाहिं सरासर गलत कुरा हुन् । जो कसैले पनि आफ्नो धारणा र तर्क प्रस्तुत गर्न सकिन्छ ।

नेपालको सन्दर्भमा कुरा गर्दा "भिक्षुणी" का बारे बोल्ने वा लेख्ने शुरुवात "धर्मकीर्ति" मार्फत नै भएको कुरामा चाहिं शंकै छैन । यसउसले प्रथमतः "धर्मकीर्ति" र त्यसपछि अन्य कसैले दिने तर्क वा धारणा सबैलाई मान्य होस् वा नहोस् त्यो भविष्यले नै बताउने छ, तर प्रस्तुतगरी शुरुवात गर्नु प-यो र त्यस प्रस्तुती सबैका लागि मान्य-स्वीकार्य हुनै पर्छ भन्ने पनि त छैन नि ? यसर्थमा पनि "धर्मकीर्ति" ले "धर्मकीर्ति" मै यस सवालमा चाँडो भन्दा चाँडो आफ्नो धारणा-दृष्टि स्पष्ट पारिनु पर्छ भन्ने जन आवाज ब्याप्त रहेको कुरा जानकारी गराउँदछु ।

यसरी नै "धर्मकीर्ति" १५/५ को आवरण पृष्ठमा छापिएको फोटोको क्याप्सनमा "भिक्षुणी धम्मवती" भनी उल्लेख गरीसकेपछि पनि भित्री पुष्ठमा सल्लाहकार, सम्पादिका र अन्य नामका अगाडि पछाडि "अनगारिका" शब्द प्रयोग नगरीनु पर्ने थियो । कुनैपनि पत्रिकामा लेख्दा Protocal मिलाउनु पनि पत्रकारहरुको धर्म मानिन्छ । अन्यथा पाठक वृन्दमा मात्र भ्रमको खेती हुने कुरा सुनिश्चित छ । यसर्थमा "धर्मकीर्ति" ले "धर्मकीर्ति" मा आफ्नो स्पष्ट धारणा बोकी आफ्नै मूल्य र मान्यता अनुरुप चल्ने तर्फ सदा पर्यन्त चनाखो भई अगाडि बढ्नै पर्छ भन्ने मेरो शुभकामनापूर्ण अनुरोध रहेको छ ।

त्यसरी नै आउँदो 15 feb'98 मा भारतको बुद्धगयामा विभिन्न देशका नागरिकहरुलाई भिक्षुणी उपसम्पदा दिक्षा दिने घोषणाको लगत्तै बाँडिएको फाराम नेपालमा पनि उपलब्ध भइसक्यो र हालै अनागारिका संधको आफ्नो विचार भनी एक पर्चा बाँडी विरोध र आपत्ति जनाइसकेको छ भने "धर्मकीर्ति" यस विषयमा अहिले सम्म चूप छ, किनभने जिज्ञासाको विषय बनेको छ । उपरोक्त सवालहरुलाई "धर्मकीर्ति" ले रचनात्मक दृष्टि राख्नु पर्छ भन्ने अनुरोधका साथ "धर्मकीर्ति" को उत्तरोत्तर प्रगतिको कामना गर्नु म पाठकको परम कर्त्तब्य ठान्दै विदा हुन्छु । साधुवाद !

**– धर्मकीर्तिको शुभचिन्तक, चसाय्मि क्वँदनी**

■



Downloaded from http://www.dhamma.digital

धर्मकीर्ति पत्रिकाका नियमित पाठकज्यूले जुन जिज्ञासा अधि सारी अन्य पाठक बृन्दहरुमा पर्न सक्ने भ्रम निवारण गर्ने कष्ट उठाउनु भयो , यसका लागि धर्मकीर्ति पत्रिका पाठकज्यू प्रति धन्यवाद प्रकट गर्दछ ।

पाठकज्यूको जिज्ञासाको सार संक्षेप यसरी देखिएको छ । गुरुआमा, भिक्षुणी र अनगारिका आदि यी ३ शब्दहरु एकै व्यक्तिका लागि किन प्रयोग गरिए ?

यसका लागि पहिले यी ३ वटै शब्दहरुको छुट्टाछुट्टै परिभाषा दिन उचित ठान्दछु ।

(१) **गुरुआमा-** आफुले सिकेका बुद्ध शिक्षा (नैतिक र आध्यात्मिक शिक्षा) अरु व्यक्तिहरुलाई पनि सिकाई उनीहरुको जीवन सुखमय बनाउन ज्ञान दिने व्यक्ति ।

(२) **भिक्षुणी-** यसका लागि २ प्रकारका परिभाषाहरु छन् ।

(क) **भिक्खती याचतीति भिक्खु** (पुलिंग), **भिक्खुनी** (स्त्रीलिंग) अर्थात्-भिक्षा मागी जीवन निर्वाह गर्ने व्यक्ति ।

(ख) **संसार भयं इक्खतीति भिक्खु, भिक्खुनी** । अर्थात- संसार भय (जन्म मरण चक्र) देखि डराई त्यस भयबाट मुक्त हुनका लागि कार्यरत व्यक्ति ।

(३) **अनगारिका-** अन्+अगारिका अर्थात् अनगारिकाको तात्पर्य गृहजंजाल त्याग गरिसकेको व्यक्ति ।

यसरी यी ३ शब्दहरुको संयुक्त अर्थ यसरी हुनजान्छ "संसार भय देखि डराई ती भयबाट मुक्त हुनका लागि गृह जंजाल त्याग गरी आफुले सिकेका बुद्ध शिक्षा (जन्ममरण चक्रबाट मुक्त हुने ज्ञान) अरु व्यक्तिहरुलाई पनि सिकाउँदै भिक्षा मागी जीवन निर्वाह गर्ने व्यक्ति ।"

यसरी यी परिभाषाले युक्त भई जीवन बिताइरहनु भएका व्यक्तिहरुलाई यी तिनवटै शब्दहरु (गुरुआमा, भिक्षुणी र अनगारिका) प्रयोग गर्दा कुनै आपत्ति नदेखिने कुरा जानकारी गराउन चाहन्छु ।

बाँकीरह्यो आउँदो 15 feb'98 मा बुद्धगयामा हुन गइरहेको भिक्षुणी उपसम्पदा विषयमा निकालिएको विरोध पर्चाको बारेमा । यसको लागि तर्क वितर्कमा लागिरहनु त्यति मनासिब देख्दिन । किनभने भनिएको पनि छ , तर्कले वितर्क, वितर्कले कुतर्क र कुतर्कले नर्क पुऱ्याउँछ भनेर । त्यसैले पर्चा तयार गरी वितरण गर्ने वितरकहरुले सर्वप्रथम बुद्धको यस अमूल्य वाणीलाई एकपटक सम्झनु उचित ठान्दछु ।

बुद्धवाणी- **"न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो कम्मना वसलो होति कम्मना होति ब्राह्मणो"** अर्थात्- जन्मले कोही ब्राह्मण हुँदैन, जन्मले कोही चण्डाल हुँदैन, कर्मले नै ब्राह्मण हुन्छ कर्मले नै चण्डाल ।

यसलाई फेरी एकपटक ब्याख्या गरी प्रष्ट्याइरहनु पर्ला जस्तो त लाग्दैन । किनभने जसले आफ्नो आचरणमा शुद्धता ल्याउँछ, त्यसले आफ्नो शुद्ध आचरण र व्यवहारबाट प्राप्त गर्ने शुद्ध फललाई पाउनु उसको आफ्नो नैशर्गिक अधिकार हो । चाहे त्यो स्त्री होस् या पुरुष । यसमा अन्य व्यक्तिहरु इर्ष्या र जलनमा छटपटाई विरोध प्रकट गर्नु त मूर्खता बाहेक अरु केही हुनै सक्दैन ।

यति मात्र होइन बुद्धले गृहत्याग गरेर आएका पाँच जवान ऋषीमुनीहरु (भविष्यका पञ्चवर्गीय भिक्षुहरु) लाई बुद्धज्ञान दिनु अगाडि नै यसरी सम्बोधन गर्नु भएको थियो– **"द्वे मे भिक्खवे अन्ता पब्बजितेन न सेवितब्बा** ... "

यसको मुख्य अर्थ थियो - "हे भिक्षुहरु हो ! तिमीहरुले शान्ति सुख प्राप्त गर्नका लागि २ वटा अतिमा नलाग्नु । यस सम्बोधनबाट बुद्धले प्रष्टाउनु भएको छ, भिक्षु वा भिक्षुणी भन्ने शब्द केवल संसार भय देखि डराउने व्यक्तिलाई प्रयोग गरिन्छ ।

यसबाहेक बुद्धको अर्को वाणी एउटा पनि यहाँ स्मरण गर्न उचित देख्दछु । बुद्धले मंगल सूत्रमा भन्नुभएको छ,- **"बाहु सच्चं च सीप्पं च विनयो च सुसिक्खितो सुभासिता च या वाचा एतं मंगल मुत्तमं"** अर्थात- बहुश्रुत हुनु, शील्पबिद्या सिक्नु, विनयी (नरमी) हुनु, सुशिक्षित हुनु, मीठो वचन बोल्नु आदि उत्तम मंगल हुन् ।

यसरी बुद्धले बताउनु भएका ३८ बटा मंगलहरु मध्येमा गाभिएको "बहुश्रुत बन्ने" मंगललाई अपनाउने उद्देश्यले मात्र कोही भिक्षुणीहरु हाल 15 feb'98 मा बुद्धगयामा हुन गइरहेको भिक्षुणी उपसम्पदा दिक्षामा भाग लिनुहुने भएको छ । हुनत माथि उल्लेखित परिभाषाहरु अनुसार त वहाँहरु कर्म र आचरणले पहिले नै भिक्षुणी हुनुहुन्छ ।

यसरी माथि उल्लेखित बिभिन्न बुद्धवाणी सहितको प्रमाणहरुले भिक्षुणी, अनगारिका र गुरुआमा आदि ३ शब्दहरूले उब्जाएको भ्रमलाई निवारण गऱ्यो होला भन्ने आशा गर्दै "भिक्षुणी पदको लोभ गरियो" भन्ने हाल जुन बिरोधका आरोपहरु उब्जाइएका छन्, ती आरोपहरुको कुनै औचित्य नै नरहेको कुरा पनि प्रष्ट भएको जानकारी दिलाउन चाहन्छु । ■



Downloaded from http://www.dhamma.digital

# अनागारिका, अनगारिका, गुरुआमा, भिक्षुणी

**प्रधान सम्पादक : भिक्षु अश्वघोष**

धर्मकीर्ति पत्रिकामा उपर्युक्त शब्दहरु एउटै व्यक्तिमा प्रयोग गरिएको हुँदा पाठक वर्गहरुमा भ्रम फैलिएको कुरो बुझियो । यस विषयमा प्रधान सम्पादकको नाममा गुनासो चिठ्ठी पठाइएको रहेछ । त्यसकारण यही विषयमा यहाँ केही चर्चा गर्ने प्रयास गरिएको छ ।

सबैभन्दा पहिले धर्मकीर्ति पत्रिकामा "अनागारिका" शब्दलाई अनगारिका भनी केही वर्ष यतादेखि मात्र होइन, धेरै वर्ष पहिले देखि नै लेखिएको हो । यो शब्द धर्मकीर्ति पत्रिकामा मात्र होइन आनन्द भूमि पत्रिकामा पनि धेरै पहिले देखि प्रयोग भइरहेको हो ।

हाम्रो विचारमा उपर्युक्त चारवटै शब्द एकै व्यक्तिमा प्रयोग गरे पनि केही आपत्ति पर्दैन, यदि उक्त व्यक्तिले यी शब्दहरुमा गाभिएर रहेको परिभाषा र आचरण गुणले युक्त भई कार्य गरिरहेको छ भने । धर्मकीर्ति पत्रिकामा प्रयोग गरिएको अनगारिका शब्द प्रधान सम्पादकको एकलौटी विचारको शब्द होइन । किनभने घरलाई पाली भाषामा अगार पनि भनिन्छ भने आगार पनि भनिन्छ । प्राय: गरेर गोरखापत्र, विश्वभूमि र सन्ध्या टाइम्स अखवारहरुमा अनगारिका र अनागारिका नलेखी अनागरिका (नागरिक होइन) भन्ने शब्द प्रयोग गरी यस शब्दको वास्तविक अर्थ साधारण जनता र अखवारका संवाददाताले नबुझेको कारणले अर्थको अनर्थ हुन पुगेको देखियो । त्यसकारण यस शब्दको विकल्पको रुपमा भिक्षुणी शब्द राखियो । यति मात्र होइन अझ स्पष्टवादी भएर कुरा गर्ने हो भने त अनगारिका शब्द भन्दा भिक्षुणी शब्दले सही परिभाषा दिन्छ । किनभने अनगारिका शब्द घर छोडेर आएका गृहस्थीहरुलाई पनि प्रयोग गरिन्छ । उदाहरणको लागि महावोधि सभाका संस्थापक अनगारिक धर्मपाल गृहस्थी थिए । त्यसकारण गृहत्याग गरिसकेका पहेंलो वस्त्र धारी व्यक्तिहरुलाई अनगारिका मात्र भनेर पनि पुग्दैन भिक्षुणी भन्नु नै उपर्युक्त देखिन्छ । तर यसको मतलव धर्मकीर्ति पत्रिकाले अनगारिका शब्दलाई भिक्षुणी लेखेर उपसम्पदा दिक्षा दिन लागेको होइन । किनभने भिक्षुणी शब्द उपसम्पदा प्राप्त गर्ने व्यक्तिहरुलाई मात्र प्रयोग गरिने शब्द पनि होइन । सांसारिक भयदेखि डराई गृहत्याग गर्नेहरुलाई भिक्षु वा भिक्षुणी भनेर धेरैजसो मानिसहरुले चिन्छन् । यसरी भिक्षुणी शब्द प्रयोग गरिएकोमा हालसम्म साधारण जनमानसमा भ्रम फैलिएको पनि छैन, भ्रम फैलनु पर्ने कारण पनि देख्दिन । तर आजभोली कुनै तत्वहरुले यस शब्दबारे जुन भ्रमहरू फैलाइरहेका छन् ती कुनै संकुचित विचारधारा लिएर बसेका केही भिक्षुहरुबाट उब्जाइएका भ्रमहरु मात्र हुन् जुन सम्यक दृष्टि र सम्यक संकल्प हीन व्यक्तिहरुको चिन्ह हुन् । यस कार्यले महिलाहरु प्रति समान दृष्टि नभएको मात्र होइन समान अधिकार दिन नचाहेको चिन्हलाई प्रष्ट्याइएको छ । श्रीलंकामा राजनैतिक, सामाजिक र आर्थिक कारणहरुले गर्दा भिक्षुणी संघ मात्र होइन भिक्षु संघ पनि लोप भएको थियो । त्यसैले श्रीलंकामा बौद्धहरु बर्मा गएर भिक्षु बनी भिक्षु परम्परालाई श्रीलंकामा ल्याउन सफल भए । तर भिक्षुणी संघलाई भने ल्याउन चाहेनन् । यसको मुख्य कारण थियो, भिक्षुणी परम्परालाई भिक्षुहरुले टिकाउन चाहँदैनन्थे । यति मात्र होइन अरु अरु देशहरुमा पनि भिक्षुणी शासनलाई खत्तम पार्न भिक्षु संघ प्रयत्नरत भए । यसरी बुद्ध परिनिर्वाण पछि भिक्षुणीहरुलाई टिक्न नदिन भिक्षुहरुलाई भन्दा बढि नियमहरु पालना गर्न बाध्य गराइए । साँच्चै भन्ने हो भने प्रथम संगायना देखि बढि नियमहरु थपिए । प्रथम संगायनामा भिक्षु आनन्दलाई महिलावर्गलाई भिक्षुणी बनाउन प्रयत्न गर्ने भिक्षु भनी विभिन्न आरोपहरु लगाइयो । प्रथम संगायना सिद्धि सकेपछि "पुराण" भन्ने अरहन्त भिक्षु आउनु भई यसरी विरोध गर्नुभएको थियो – "बुद्धको श्रीमुखबाट भनिएको कुराहरु मात्र स्वीकार्य हुन्छ । त्यसपछिका नियमहरु स्वीकार गर्न तयार छैन ।"

अब बोधगयामा आगामी February महिनामा हुनगइरहेको भिक्षुणी उपसम्पदा कार्यक्रम लाई एकपटक विचार गरौं । आगामी 15 Feb. 1998 मा



Downloaded from http://www.dhamma.digital

बुद्धगयामा भिक्षुणी उपसम्पदा गर्ने कार्यक्रमको आयोजना गरिएको रहेछ । यस कार्यक्रममा नेपालबाट पनि केही व्यक्तिहरूले भाग लिने कुरा थाहा हुन आएको छ । बुद्ध धर्म समानतावादी भएको कारणले नारीलाई समान अधिकार दिनुपर्ने हिसावले यस कार्यक्रममा भाग लिई दिक्षा लिंदैमा कुनै आपत्ति त देखिंदैन । तैपनि नियम पालन गर्न गाऱ्हो हुने भएकोले यसमा नियमको बन्धनमा किन बांधिने भन्ने मात्र कुरा हुन आउँछ । तर यस्तै तर्कमा फँस्ने हो भने त भिक्षुहरुले पनि सबैलाई उपसम्पदा दिक्षा नदिए पनि हुन्छ । किनभने भिक्षुहरुले पनि सबै नियमहरु पालन गर्न सकिराखेको देखिंदैनन् । उदाहरणको लागि हाल कोही भिक्षुले धर्म प्रचारको नाममा आएको धनको पोको जिम्मा लिंदै दुरूपयोग गरिरहेको जुन कार्य हो, त्यो भिक्षु नियम विपरित छ ।

भनिन्छ, भिक्षुणी बनाउन अर्थात् उपसम्पदा दिन भिक्षु र भिक्षुणी दुबैको संघ चाहिन्छ रे । तर यो त संकुचित विचारधाराले ग्रस्त भिक्षुहरूले बनाएको नियम मात्र हो । अहिले भिक्षुणी बनाउने कुनै विनय नियमको प्रावधान छैन भन्ने विषयमा जुन चर्चा परिचर्चाहरू गरिएका छन्, ती सबै झूठा सावित भएको देखिन्छ । किनभने विनय पिटकको चुल्ल वग्गमा यो कुरो स्पष्ट उल्लेख गरिएको छ- "**अथ खो भगवा एतस्मिं निदाने एतस्मिं पकरणे धम्मिं कथं कत्वा भिक्खू आमन्तेसि - अनुजानामि भिक्खवे भिक्खूहि भिक्खुनियो उपसम्पादेतुं** । अर्थ - "भगवान बुद्धले यसबारे धार्मिक कथा भन्नुहुँदै भिक्षुहरूलाई सम्बोधन गरी भन्नुभयो - भिक्षुहरूले भिक्षुणीहरूलाई उपसम्पदा गरिदिनु ।" यस्तो नियमको प्रावधान छँदा छँदै पनि अहिलेका भिक्षुसंघ मिलेर भिक्षुणीहरूलाई उपसम्पदा दिन नहुने भन्ने जुन संकुचित भावना उब्जाइएको छ, यसलाई सरासर अस्वाभाविक र स्वार्थले भरिएको दमन नीति मान्न सकिन्छ । अर्को कुरो, यहाँ माथि उल्लेखित पालि साहित्यमा बुद्धले गृहत्याग गरेर आएका महिलाहरूलाई उपसम्पदा दिनु अगाडि नै भिक्षुणीको संज्ञा दिनु भएको देखिन्छ । त्यसकारण यस कुराले पनि स्पष्ट गरिन्छ, अनगारिकाहरूले भिक्षुणी शब्द लेख्दैमा भिक्षुणी पदको लोभ गरिएको ठहरिंदैन ।

अब विनय नियमबारे केही चर्चा गरूं । हाल कोही भिक्षुहरूले विनय नियम पालना गर्ने भन्दा पनि विनय नियमको विज्ञापन गर्दै हिंड्ने कार्यलाई महानता सम्झेको देखिन्छ । त्यसकारण ती महानुभावहरूको अगाडी स्वत: यी प्रश्नहरू खडा हुन जान्छ । के लाखौं रकम जम्मा गर्न भिक्षुहरूको विनय नियममा प्रावधान छ ? के भिक्षुहरूले आफ्ना विहार विहारमा महिलाहरू पाली उनीहरूबाट सेवा लिइरहनु विनय नियम अनुसार मिल्छ ? पैसा र सुनचाँदीहरू छुने कार्य विनय नियममा प्राबधान छ ? नयाँ विहार बनाई दाताहरूले भिक्षु संघलाई दान दिने बेलामा चारै दिशाबाट आउने भिक्षुहरूको सेवाको लागि प्रयोग गर्ने भनी दान लिइन्छ । तर पछि आगन्तुक भिक्षुहरूको त के कुरा आवासिय भिक्षुहरूलाई समेत बस्न नदिने नियम बनाइन्छ । के यो विनय नियमको प्रावधान हो ?

त्यसकारण विनयको विज्ञापन गर्दै हिंड्ने हो भने अलि सतर्कता अपनाई आफुमा दूरदर्शिता र आत्मालोचना ज्ञानको आवश्यकतालाई पनि ध्यान दिनुपर्ने देखिन्छ । विनय नियमकै कुरा उठाउने हो भने त हालका धेरैजसो भिक्षुहरूले भिक्षुत्व बचाउन गाऱ्हो हुनेछ । भिक्षुणी दिक्षा दिंदा खेरि थेरवाद शासनलाई बाधा हुनेछ भन्दै नचाहिंदो हल्ला निकाल्ने कस्तो अचम्मको कुरो हो यो ? यदि यहाँ थेरवाद शासन दरिलो पार्ने हो भने भिक्षु र भिक्षुणी दुबै पक्षको आचरणमा शुद्धता हुनुपर्छ । दुबै पक्षको आचरण राम्रो भए थेरवाद उज्ज्वल हुनेछ । आचरण खराव भए थेरवाद ढलिन्छ । भिक्षुणी दिक्षाले थेरवाद ढल्ने होइन ।

फेरि अर्को गजवको कुरो, अनगारिका संघको विचार भनी एक पर्चा निकालिएको रहेछ । उक्त पर्चा धर्मकीर्तिको प्रधान सम्पादकको नाममा पनि एक प्रति पठाइएको रहेछ । त्यस पर्चामा अनगारिकाहरू भिक्षुणी बन्न नहुने भन्ने विषयमा उल्लेख गरिएको पाएँ । यस्तो अनौठो पर्चा निस्केको देखेर यसवारे अनगारिका संघका उपाध्यक्ष अनगारिका धम्मवती र सह-सचिव अ. सुजाता संग सोध्दा "यसबारे हामीलाई केही थाहा छैन" भन्ने उत्तर आयो । फेरि सचिव अ. माधवीसंग सोध्दा उनीले भनिन्- "यसबारे मिटिङ्ग गरी निर्णय गरेकै छैन । मेरो



Downloaded from http://www.dhamma.digital

अनुपस्थितिमा यो पर्चा निकालियो ।" उक्त संघको कार्यकारिणी सदस्य अ. ज्ञानहेरा भारतमा र कोषाध्यक्ष एकजना थाइल्याण्डमा गइरहेको जानकारी पाएँ। यसरी अन्य कार्यकारिणी सदस्यहरूलाई पनि यसबारे केही थाहा नभएको जानकारी प्राप्त भयो । बाँकी रह्यो एकजना अध्यक्ष अनगारिका सुशीला । उनकै मनोमानीबाट पर्चा निकालिएको ठहरियो । तर पर्चाको भाषा र मुख्य बुँदाहरूले यस पर्चा मुट्ठीभरका संकुचित र कट्टरपंथी मनोभावनामा डुबेको केही व्यक्तिहरूको इशारामा निकालिएको र वितरण गरिएको कुरा बुझियो । फेरि उक्त पर्चामा अनगारिका संघका अध्यक्षज्यूको नाम पनि उल्लेख गरिएको रहेनछ । यसरी विना आधार र प्रमाणको वेवारिसे पर्चा निकाली होहल्ला गरिएको ठहरियो ।

जेहोस्, थेरवादी धर्मको मुनालाई पलाउन दिन चाहने यस पर्चाका जिम्मेवार व्यक्तिले आफ्नो यस उद्देश्यलाई सफल पार्नका लागि निश्वार्थ भई बहुजन हिताय उद्देश्य लिई धर्म प्रचारमा लाग्नु पर्ने देखिन्छ । अरूलाई खुट्टा तानी ढाल्ने विचारले गरेको कार्यले त भरखर पलाएको थेरवादी शासनको कलिलो मुनालाई तुसारोले छोप्ने जस्तै हुन जानेछ । किनभने यस्तो कार्य त संकुचित विचारधारामा गुम्सिएका व्यक्तिहरूले स्वार्थपूर्ण ( नेवारीमा मतिकुन्हा: पह:) कार्य हो, बुद्ध शासनलाई फलाउने उद्देश्य लिएका धार्मिक व्यक्तिहरूको होइन ।

■

## भूल सुधार

अङ्क ६ वर्ष १५ को धर्मकीर्ति पत्रिकाको "नयाँ खवर" शिर्षको समाचारमा "संघ उपनायक भिक्षु अनिरूद्ध महास्थविरको उपाध्यायत्वमा र भिक्षु अश्वघोष महास्थविरको आचार्यत्वमा उपसम्पन्न भई भिक्षु सुशील हुनुभयो" हुनु पर्नेमा अन्यथा हुन पुगेको हुँदा यसलाई सच्याई पढ्न हुन अनुरोध गर्दछौं ।

– धर्मकीर्ति पत्रिका

# मेरो चाहना

✍ बालकृष्ण महर्जन

सबैको हित गरूँ भलो गरूँ सबैको
बुद्धोपदेश शिरोपर गरी दु:ख हटाउँ सबैको
यो कामना सफल भइ जाउन्
यो मेरो चाहना हो ।

क्लेशावरण र ज्ञयावरण मनका
जरै देखि उखेली फालूँ
सफा, निश्चल र शान्त बनाउँ मनलाई
यो मेरो चाहना हो ।

बुद्धको उपदेश फैलाउँ जगतमा
फर्काउँ सबको मन धर्मको क्षेत्रमा
सबैजना बोधीपथमा लागून्
यो मेरो चाहना हो ।

छाडेर सबैले अकुशल कर्म
लागोस् मुक्तिको मार्गमा
बनोस् सबको जीवन उत्तम
यही हो मेरो चाहना ।

अरूका अकुशल कर्म सबै दु:ख रोग र पापहरू
परीपक्व भैजाउन् ममा
मेरो कुशल कर्महरू सबै धर्म सुख र पुण्यहरू
परीपक्व भैजाउन सबै सुखहरूमा
यो मेरो चाहना हो ।

■

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य:–
क्रम संख्या २७३
दुर्गादाश रंजित
क-३-३३ मचली, टेकु
काठमाण्डौ-१२ वडा
रू. १०००/-



Downloaded from http://www.dhamma.digital

# बुद्धको धर्म प्रचार

लेखक : बुद्धदास भिक्षु
अनुवादक : भिक्षु विपस्सी

सम्यक सम्बुद्धलाई आफ्नो मनोवाञ्छित ज्ञान पाएकोमा बडो सन्तोष लाग्यो । तसर्थ वहाँ बोधिमण्डपमै आनन्द-मग्न भई बस्नुभयो । यो आनन्द क्लेशसंग युद्ध गर्दाको अनेक असह्य दुःखहरूबाट मुक्त हुनाले पाइएको हो । यहाँबाट उहाँ एक नजिकको वर वृक्षमुनि बस्न जानुभयो । त्यहाँ एकजना ब्राह्मण आइपुगे । उनले शिष्टाचार पूर्वक सन्चो-सुविस्ता सोधिसकेपछि फेरि सोधे-भो गौतम ! यथार्थमा कस्तोलाई ब्राह्मण भनिन्छ ? कसलाई घरानियाँ भनी भन्नुपर्छ ?



बुद्धसंग प्रश्न सोधेको ब्राह्मण

भगवान बुद्धलाई भो भगवान ! अथवा भो शास्ता ! भनेर पुकार्नुको सट्टा सो ब्राह्मणले गौरवहीन ढङ्गले नाम गोत्रद्वारा सम्बोधन गरेको भए पनि वहाँ रिसाउनु भएन । सोधेको कुराको सोझै जवाफ दिनुभयो । यो जवाफ त्रिपिटकमा श्लोकबाट पाइन्छ । त्यसको भावार्थ यस्तो छ-सबै पाप बगाई सकेकोलाई ब्राह्मण भनिन्छ । त्यस्तै अहंकार त्याग्ने, संयमी, मलरहित, ज्ञानी तथा ब्रह्मचारीलाई घरानियाँ भनिन्छ । तर त्यस्ताले सांसारिकहरूले झैं व्यवहार गर्दैन । अनि त्यो ब्राह्मण -"श्रमण गौतम हाम्रा मनका कुरा जान्दछन् । श्रमण गौतम हाम्रा मनका कुरा जान्दछन् " भनी भट्भटाउँदै गयो ।

केहीदिन पछि भगवान बुद्ध अजपाल वृक्षमुनि बस्नुहुँदा दुइजना व्यापारीहरू त्यतातिर आइपुगे । उनीहरूले वहाँलाई शान्त तथा सन्तुष्ट भई बस्नुभएको देखे । अनि उनीहरूले गौरव तथा श्रद्धापूर्वक उहाँलाई सत्तु र मह दान दिए । उनीहरू उहाँका सुन्दर लक्षणहरू एवं अंर्तीबाट अति प्रभावित भए । उनीहरूले आफूलाई अनुयायीको रूपमा स्वीकार गर्न बुद्धसंग अनुरोध गरे । तिनीहरू बुद्ध र धर्मको शरण गए । यसै कारणले ती तपुस्स र भल्लिक दुई व्यापारी दाजुभाइहरू सम्यक सम्बुद्धका प्रथम गृहस्थ श्रावकहरू भए ।

त्यहाँ इच्छा अनुसार वसिसक्नुभए पछि बुद्धले भावी कार्यहरूको सम्वन्धमा विचार गर्नुभयो । प्रथमतः कल्पना गर्नुभयो - मैले पाएको ज्ञान अति गम्भीर छ । यी स्वार्थी जनताले बुझ्न गार्‍है पर्छ । तर पछि वहाँले आफ्नो महाकरूणा तथा प्रज्ञाद्वारा देख्नु भयो -क्लेस तथा स्वार्थीभाव थोरै मात्र हुने मुमुक्षुहरूले धर्मलाई बुझ्ने छन् । जस्तै कमलको फूलहरूमा सूर्यको किरणसम्म पाएपछि पानी भन्दा माथि उम्रेर फूल फुल्ने छन् । तसर्थ मैले यो उत्तम ज्ञानलाई आफैमा मात्र राखि छोड्नु ठीक छैन । धर्मप्रचार गर्नु आवश्यक छ ।



तपुस्स र भल्लिक दुई व्यापारी



Downloaded from http://www.dhamma.digital

अनि बुद्धले चिन्तन गर्नु भयो - प्रथमतः कसलाई उपदेश दिनु वेस होला; कसले यो धर्म बुझ्ला ! आलार तपस्वी जेहेन्दार, चलाख र थोरै मात्र क्लेश भएका हुन्। अरूलाई भन्दा उनलाई पहिले निगाहा राख्नु असल होला। वहाँले उनी दिवंगत भइसकेको कुरो थाहा पाउनु भयो। त्यसपछि उद्दक रामपुत्र तपस्वीलाई सम्झी हेर्दा थाहा पाउनु भयो - उनी पनि दिवंगत भइसके। अन्तमा भगवान बुद्धले पञ्चभद्र वर्गीयलाई सम्झनु भयो। उनीहरू ऋषिपतन मृगदाय वनमा बसेका थिए। त्यसो हुनाले बुद्धले उतैतिर पाइला चाल्नुभयो।

बुद्ध क्रमशः चारिका गर्दै ऋषिपतन मृगदाय वनमा पुग्नुभयो। पञ्चभद्रवर्गीयहरूले वहाँलाई टाढैबाट देखेर आपसमा सल्लाह गरे - लौ साथीहो ! भिक्षु सिद्धार्थ यतैतिर आउँदैछन्। उनी लोभी लालची हुन्। तपस्या भंग भएका हुन्। आरामसंग बस्न पल्केको हुन्। हामी उनलाई स्वागत अभिवादन गर्न जानेछैनौं। पात्र-चीवर पनि लिन जानेछैनौं। उनी यहाँ आएमा एउटा आसन मात्र दिने छौं। चाहेमा बस्लान्। न चाहेमा उभिएर नै बसुन्। यस्तो तपबाट भ्रष्टलाई को स्वागत गर्न जाला र ?



पंच भद्र वर्गीयहरू सल्लाहगरे

तर अन्तमा बुद्ध नजिक आईपुग्नुहुँदा पञ्च भद्रवर्गीयहरू पहिले सल्लाह गरे जस्तो गरि रहन सकेनन्। उनीहरूलाई लाग्यो, बुद्धमा केही अपूर्व विशेषता, शोभा तथा उच्चभाव छ। महानताको लक्षण झल्किन्छ। त्यसो हुनाले उनीहरूको मनमा आफैलाई बिर्सने गरि उत्सुकता जाग्यो। आपसका प्रतिज्ञा पनि बिर्से। कोही वहाँलाई स्वागत गर्न हत्तर पत्तर अगाडि बढे। कोहीले अभिवादन गरि वहाँबाट पात्र-चीवर मागेर बोकी ल्याए। कोहीले बुद्धलाई योग्य हुनेगरि आसन तयार गरे। त्यस्तै कोहीले पानी ल्याई वहाँको पाउ धोइदिए।

भगवान बुद्ध आउनुभई तयार पारिएको आसनमा बस्नुभयो। अनि भन्नुभयो- भिक्षुहरू हो ! मैले अमृत धर्म पाइसकेको छु। त्यो तिमीहरूलाई बताउने छु। म तिमीहरूलाई बाटो देखाउने छु। यदि त्यसलाई तिमीहरूले सुन्यौ मन लगायौ र भने अनुसार आचरण गर्‍यौ भने धेरै समय नबित्दै आफैले बुझ्ने छौ। अर्को जन्ममा भनी पर्खेर बस्नु पर्दैन। यही जन्ममा फल पाउने छौ। मैले बोलेको बचनको सत्यता अहिले तुरून्तै देख्ने छौ। त्यस्तै जन्म मरणको दुःखबाट मुक्त अवस्थामा पुग्नेछौ।



पंच भद्र वर्गीयको बुद्ध प्रति श्रद्धा

भगवान बुद्धले यस्तो भन्नुहुँदा पञ्चभद्रवर्गीयहरूले मानेनन्। किनभने पहिले ज्ञान पाउनका लागि वहाँले घोर तपस्या गर्नु भएको तिनीहरूले देखेका थिए। तर पछि छोड्नुभयो। अब आएर "अमृत धर्म पाएको छु।" भन्नुहुन्छ। त्यसो हुनाले ती पञ्च भद्रवर्गीयहरूले



Downloaded from http://www.dhamma.digital

स्वीकार नगरेको हुन् । यस विषयमा बुद्धसंग उनीहरूले खूब जवाफ सवाल गरे । बुद्धले भन्नुभयो- ठीकसंग सुन । के मैले पहिले यस्तो कुरो तिमीहरूलाई भनेको छु र ? जन्म मरणबाट मुक्त हुने ज्ञान पाएँ भनी भनेको छु र ? अनि मात्र तिनीहरूले बुद्धको उपदेश सुन्नमा मन लगाए ।

अनि शास्ता (बुद्ध) ले पञ्च भद्रवर्गीय भिक्षुहरूलाई सब भन्दा पहिले धम्मचक्क पवत्तन सुत्त को उपदेश दिनुभयो । सर्वप्रथम कोण्डण्यले धर्मप्रति श्रदा जाग्यो । उनले बिन्ति गरेपछि बुद्धले उपसम्पदा (पूर्ण भिक्षुत्व दिक्षा) प्रदान गर्नुभयो । बुद्ध त्यहाँ दुइजना भिक्षु भिक्षाटन जानुहुँदा तीन जनालाई; त्यस्तै तीनजना भिक्षु भिक्षाटन जानुहुँदा दुइजनालाई धर्मोपदेश दिनुहुन्थ्यो । उनीहरू बुद्धका अनत्त लक्खण सुत्त (अनात्मलक्षण सूत्र) को उपदेश सुनेर सबैजना अरहन्त भए । क्लेस न भएका भए । वहाँहरू बुद्धका प्रथम ५ शिष्यहरू हुनुभयो ।

भगवान बुद्ध ऋषिपतन (सारनाथ) मै हुनुहुँदा वाराणसी शहरमा एकजना यश नामको युवक बस्दथे । उनी अनेक विलासिताका साधनहरूले घेराई बस्ने गरे पनि गृहस्थीमा उनको मन लाग्दैनथ्यो । एक दिन उनी घरबाट निस्की बुद्धकहाँ आइपुगे । उनी बुद्धका उपदेश सुनेर प्रव्रजित भए पिता हुनेले खोज्दै आई बुद्धसंग आफ्नो पुत्र यशको बारेमा सोधे । बुद्धका धमदिशना सुनेर उनी पनि आफ्नो पुत्र भिक्षु भएकोमा सन्तुष्ट भए ।



यश नामक युवक

आफू त्रिरत्नका उपासक भएको कुरो बुद्धलाई बिन्ति चढाएर बुद्ध प्रमुख भिक्षुहरूलाई भोलिको भोजनको निमन्त्रणा दिई सो सेठ फर्के । पछि यशका ४ जना घनिष्ठ मित्रहरू पनि बुद्धशासनमा भिक्षु बन्न आए । यस्तै अझ यशका ५० जना साथीहरू पनि बुद्धशासनमा भिक्षु बन्न आए । यी सबैजना उच्चघरानियाँहरू थिए । बुद्धका नीति निर्देशन अन्तर्गत रही यिनीहरू धेरै समय नबित्दै अर्हत फल लाभी भए ।



धर्म प्रचारार्थ निर्देशन दिँदै

भगवान बुद्धका शासनमा प्रव्रजित भई अर्हत् भएकाहरू चाँडै नै ६० जना पुगे । अनि बुद्धले भन्नुभयो - भिक्षुहरू हो ! म दैवीय तथा मानुषिक सम्पूर्ण बन्धनबाट मुक्त भएँ । त्यस्तै तिमीहरू पनि मुक्त छौ । असंख्य मानिसहरूलाई हित तथा सुख पुऱ्याउने कुराको प्रचार गर्न जाउ । दुईजना एउटै बाटोबाट नजाउ । आदि, मध्य र अन्तमा उपकारक धर्मको प्रचार गर । परिशुद्ध तथा परिपूर्ण जीवन बिताउने तरिका बताउ । यो लोकमा थोरै मात्र क्लेश हुनेहरू पनि छन् । उनीहरूले नै धर्मका कुरा सुनेर बुझ्ने छन् । धर्म प्रचारका लागि म आफै पनि अरूवेला सेनानिगममा जाँदैछु ।

अरूबेला त्यसबेला एकहजार जटिल सन्यासीहरू-संग बस्दथे । उनीहरूका नेतृत्व काश्यप गोत्रका ३ दाजुभाईहरूले गर्दथे । बुद्धले उनीहरूका विश्वासहरू



Downloaded from http://www.dhamma.digital

छोडाउनु भई आफूले पाएको नयाँ ज्ञानका कुरा बुझाईदिनु भयो । यसले उनीहरू साह्रै खुशी भएर बुद्धका शिष्य बने । उनीहरूका एकहजार शिष्य सन्यासीहरू पनि बुद्धका शिष्य भए । नाइके तथा अनुयायीहरू सबैजना अर्हत (तृष्णा रहित) भए ।



बिम्बिसार प्रमुख प्रजालाई धर्मदेशना

तदनन्तर भगवान बुद्ध पहिले राजा बिम्बिसारलाई वचन दिई राख्नु भएको पूरा गर्न राजगृह नगरमा जानुभयो । वहाँ आफ्ना शिष्यमण्डलीका साथ त्यहाँ यष्ठिवन अर्थात तालरूखको घारीमा बस्नुभयो । वहाँले त्यहाँ पनि करूणापूर्वक धर्मदेशना गर्नुभयो । अन्तमा राजा बिम्बिसार आफै पनि आई धर्मदेशना सुन्नुभयो । धर्म बुझेपछि राजा प्रमुख ठूलो जनसमूहले आफूहरू बुद्धका अनुयायी भएको घोषणा गरे । अनि बिम्बिसार राजाले भगवान बुद्धलाई बिन्ती गर्नुभयो - भन्ते ! म युवराज छँदा राज्याभिषेक पाउने बाहेक सम्यक सम्बुद्ध हुनुभएका आर्य पुद्गलको दर्शन गर्न र वहाँको धर्मदेशना पनि सुन्न पाउँ भन्ने इच्छा थियो । अब मेरो सबै इच्छा पूर्ण भईसकेका छन् । तसर्थ म बुद्ध, धर्म र संघका शरणमा पर्दछु । अनि भोलिपल्ट राजाले आफ्नो बेलुवन (बांसको घारी) बुद्धप्रमुख भिक्षु संघ बस्नको लागि प्रदान गर्नुभयो । यही वेलुवन बुद्धधर्मको पहिलो विहार मानिन्छ । भगवान् बुद्ध तथा भिक्षुसंघ त्यहीं नै बस्नुभयो ।

एकदिन विहानै भगवान् बुद्ध भिक्षाटनका लागि वेलुवन विहारबाट निस्की राजगृह नगरतिर जानुभएको थियो । वहाँले घाटमा एकजना युवकलाई देख्नुभयो । उ भर्खर नदीमा दुब्की लगाई नुहाई उक्लेको थियो । उसको सारा जीउ पानीले भिजेको थियो । अनि उसले ६ वटै दिशातिर हेरेर निहुरी निहुरी प्रणाम गऱ्यो । ६ वटा दिशा भनेको पूर्व, पश्चिम, उत्तर, दक्षिण तथा माथि र तल हुन् । त्यसपछि उसले हरेक दिशामा अक्षता छऱ्यो । भगवान बुद्धले उनीसंग किन यसरी प्रणाम गरेको हो ? भनी सोध्नुभयो । त्यो युवकले जवाफ दियो भो भगवान ! मेरा पिताले मरणासन्न कालमा मलाई नाना दिशा नमस्कार गर्नू तथा माथिका देवतादेखि तलका पिशाचसम्मलाई पनि खुशी राखी तिनबाट आउने भयबाट बच्नुपर्छ भनेर गएका थिए । पिताको त्यो वचनलाई मानेर दिशा नमस्कार गरिरहेका हूँ । अनि भगवानले भन्नुभयो- तिमीले आफ्ना पिताको अन्तिम वचनलाई शिरोपर गरि आएको असल कुरो हो । तर तिमीले गरेको ढंग तिम्रो पिताको आशय मुताबिक भएन ।

भगवान् बुद्धले भन्नुभयो - तिम्रो पिताले पूर्वदिशा नमस्कार गर्नुपर्छ भनेको मतलब तिमीलाई जन्माई हुर्काउने मातापिताको आदर सम्मान तथा सेवागर भनेको हो । दक्षिण दिशालाई नमस्कार गर्नुको अर्थ तिमीलाई ज्ञानगुणका कुरा सिकाउने गुरू आचार्यहरूलाई मान गर भनेको हो । पश्चिम दिशालाई नमस्कार गर्नुको अर्थ सन्तान तथा पत्नीको पालन पोषण गर भनेको हो । उत्तर दिशा नमस्कार गर्नुको मतलब इष्ट-मित्र तथा आफन्तहरूप्रति असल व्यवहार गर भनेको हो । माथिल्लो दिशा नमस्कार गर्नु भनेको मतलब भिक्षु, गुरु आदिलाई दान दक्षिणा र पूजा मान गर भनेको हो । तलतिरको दिशा नमस्कार गर्नुको मतलब नोकर चाकर आदि आफ्ना मातहतमा रहेका व्यक्तिहरूको सुख सुविधाको ख्याल गर्नु हो । साथै पृथ्वीमा रहेका साना भन्दा साना प्राणीहरूका बाँच्नु तथा आजीविकाको अधिकारलाई स्वीकार गर भनेको हो । तिम्रा पिताले यस्तो आशय लिई विभिन्न दिशा नमस्कार गर भनी गएका हुन् । विभिन्न दिशाबाट आउने भय अन्तरायबाट रक्षा गर भनेको मतलब यी सबै कुराको राम्ररी पालन



Downloaded from http://www.dhamma.digital

गरि आफ्नो निन्दा हुनबाट बचिरहनु भनेको हो । त्यसपछि भगवान बुद्धले उनलाई अनेक कुराहरू सिकाउनु भयो । जस्तै:- हिंसा, चोरी, व्यभिचार (भ्रष्टाचार) झूठो बोल्नु, मद्यपान आदिबाट अलग भई मेहनती हुनु, सम्पत्तिको सदुपयोग गर्नु, आफु एक्लैले मात्र मोजमज्जा नगर्नु । त्यस्तै आम्दानी भन्दा बढी खर्च नगर्नु । आम्दानी भएकोलाई ४ भागगरि दैनिक खर्च, कामधन्दा, दानधर्म, तथा भय विपत्तिका बेलामा खर्च गर्न एक एक भाग राख्नुपर्छ । आदि यी उपदेशहरू सुनेर सो सिगाल नामक युवक भगवान् बुद्धको शरणमा गयो । यी सबै उपदेशहरू सिगालोवाद सूत्रमा वयान गरिएको छ ।


सिगाल युवकलाई धर्म देशना

भगवान् बुद्ध राजगृहमा बस्नु भएको थियो । त्यसबेला त्यसको नजिकै सञ्जय नामका एकजना परिब्राजक पनि बस्दथे । इनका दुइसय शिष्यहरू थिए । ती मध्ये उपतिस्स तथा कोलित नामका दुइजना अति बुद्धिमान् चेलाहरू आचार्यको ज्ञानबाट सन्तुष्ट नभई माथिल्लो तथा गम्भिर अमृत धर्मको खोजी गरि हिंडेका थिए । यी दुइजनाका बीच घनिष्ठ मित्रता थियो । यिनीहरूले आपसमा प्रतिज्ञा गरेका थिए । जसले पहिले अमृत धर्म पाउला; उसले आफ्नो साथीलाई तुरून्त बताउनु पर्दछ ।

एकदिन बिहान उपतिस्सले राजगृहमा भिक्षाटन गरिरहनु भएका अस्सजित भिक्षुलाई देखे । उनी सो भिक्षुको सोमतिलो, सुकिलो, शान्त तथा भिक्षा ग्रहण गर्दाको ढंग बडो आकर्षक थियो । जति नजिक गयो उति नै आश्चर्य लाग्यो । किनभने उक्त प्रव्रजितको मुहार सुख र सन्तोषले भरिएको, संयमले भरिएको थियो । उपतिस्स मनमनै कल्पना गर्न थाले - इनी प्रव्रजित पक्कै पनि ज्ञानी हुनुपर्दछ । कमसेकम ज्ञानीका चेला त अवश्य होलान् । इनका आचार्य को उपदेश के होला ? मैले पत्ता लगाउनु पऱ्यो । उपतिस्सले सोचे, यसरी भिक्षाटनमा लागेको बेलामा सोध्न उचित छैन । तसर्थ अलि पर पर रही उनलाई पछ्याउँदै गइ मौका पाएपछि उपतिस्सले अगाडि वढेर वहाँसंग परिचय गरे । अनि सोधे - भन्ते ! तपाईका शारीरिक कृयाकलापहरू शान्त छन् । मुहार चम्किलो छ । म साँच्चिकै थाहा पाउन चाहन्छु, हजुरका गुरू को हुनुहुन्छ ? तपाई कसका उपदेशबाट प्रभावित भई घरवार तथा आफन्तहरू छोडेर यो नियममा बस्नु भएको हो ? हजुरका गुरूको नाम के हो ? वहाँको शिक्षा कस्तो हो ?

अस्सजित भिक्षुले प्रसन्न मुद्रा लिएर जवाफ दिनुभयो- हे सज्जन ! मेरो गुरू राजपाट छोडेर बोधिज्ञान पाउनुभएका शाक्यवंशीय महाश्रमण हुनुहुन्छ । म वहाँको अनुगमन गरि घरबार छोडी भिक्षु भएको हूँ । वहाँ तथागत सम्यक सम्बुद्ध हुनुहुन्छ । म वहाँकै शिक्षा तथा अर्ती बुद्धि अनुरूप आचरण गर्दछु । उपतिस्सले सोधे कहिलेकाहीं यस्तै प्रव्रजित भई अमृत-धर्म थाहा पाउन सकिन्छ । तसर्थ तुरून्तै सोधिहाले भो आदरणीयज्यू ! वहाँले बताउनु भएको शिक्षा कस्तो हो ? तपाईको गुरू के सिकाउनुहुन्छ ? म यसबारे थाहा पाउन सान्है उत्सुक छुँ ।

अस्सजित भिक्षुले सोमतिलो पूर्वक जवाफ दिनुभयो- मैले भर्खर मात्र दीक्षा लिएको छु । मैले भगवान् बुद्धका शिक्षा र ज्ञान हासिल गर्न थालेको तथा धर्म विनयमा बसेको धेरै दिन भएको छैन । त्यसो हुनाले वहाँका शिक्षाबारेमा म तपाईलाई विस्तृतरूपमा व्याख्या गर्न सक्दिन । अनि उपतिस्सले भने धेरै सुनेर के हुन्छ र ? मुख्य कुरो संक्षिप्त भए पनि बताउनोस् । अनि उक्त



Downloaded from http://www.dhamma.digital

भिक्षुले यसरी बताउनुभयो- जुन बस्तु उत्पन्न भएको हुन्, तथागतले ती सबैका हेतु बताउनुहुन्छ । त्यस्तै त्यसको निरोध पनि बताउनुहुन्छ । उहाँ महाश्रमण को सिद्धान्त यही हो ।

उपतिस्सलाई यो कुरा सुनिरहेको अवस्थामा नै धर्मको स्पष्ट ज्ञान भयो । वहाँको मनमा निश्चय भयो उत्पन्न भएका सबैकुरा नाशबान हुन् । अनि उपतिस्सले भने यदि यो तथ्य कुरो तपाईले आफ्ना गुरूबाट सुन्नु भएको भए वहाँ पक्कै पनि मृत्युबाट मुक्त अवस्था पाइसकेका हुनुपर्दछ । जुन मानव जातिमा पहिले कहिल्यै देखिएका छैनन् । यति भनिसकेपछि अस्सजित भिक्षुलाई धन्यवाद ज्ञापन गरे । भगवान बुद्ध विहार गरिरहनु भएको स्थान सोधेर आफुले पाएको ज्ञान आफ्ना साथी कोलितलाई बताउन वहाँसंग बिदाबाजी भई हिंडे ।

अब उपतिस्सका मुहार धर्मकथा बताउने अस्सजित भिक्षुको जस्तै नै चम्किलो तथा सन्तुष्ट भयो । उपतिस्स आईरहेको कोलितले टाढैबाट देखे । उनले साथीको मुहार देखेर नै अनुमान लगाए उनमा केही ठूलो परिवर्तन आएको छ । त्यसो हुनाले सोधे- हे मित्र ! किन तिम्रो मुहार निर्मल तथा तेजिलो छ ? तिमीले अमृत धर्म पाउनु भयो कि के हो ? उपतिस्सले जवाफ दिए हो मैले अमृत धर्म पाएको छु । कोलितले विस्मयका साथ हत्तर पत्तर सोधे - के अमृत धर्म पायौ रे ? अनि उपतिस्सले आफ्ना प्रिय मित्र कोलितलाई त्यो अज्ञात भिक्षुले बताएको कुरा सुनाए । कोलितले पनि धर्मलाई तुरून्तै बुझे । अमृत-धर्म भनेको कुनै वस्तुको रूपमा रहेको छैन । रूप, शब्द, गन्ध, रस, स्पर्श तथा अनेक विचार तथा कल्पनाहरूमा पनि छैन । यो अमृत धर्म सृष्टि भएको होइन । त्यसो हुनाले नाश पनि हुँदैन । अन्तमा ती दुबैजना साथीहरू सोझै भगवान बुद्धकहाँ गएर भिक्षु बनाइदिन हुन प्रार्थना गरे । पछि दुबैजना अर्हत भए । धेरै ज्ञान र बुद्धि भएका हुनाले भगवान् बुद्धले पछि ती दुबैजनालाई अग्रश्रावक बनाउनु भयो ।

भगवान बुद्ध राजगृह नगरमा बस्नुहुँदा माघ पूर्णिमाका दिन बेलुवनाराममा श्रावकहरूको एउटा ठूलो सभा भयो त्यो सभामा बाऱ्हसय पचास जना अर्हत भिक्षुहरू सामेल भएका थिए । वहाँहरू ना ना दिशामा धर्मप्रचारार्थ जानुभई आ-आफ्ना कार्यप्रगति सुनाउन आएका थिए । यसको लागि कुनै पूर्व-योजना थिएन । यस्तो अचानक हुने भेला दुर्लभ हुन्छ । यसले भगवान् बुद्ध सहित अर्हत भिक्षुहरूलाई अति सन्तुष्टि मिलेको थियो ।



भिक्षु संघलाई अनुशासन

भगवान बुद्धले यो सभा श्रावकहरूलाई उपदेश दिन तथा नियम आचारणमा लगाउनका लागि उचित ठान्नुभयो । त्यसैले वहाँले धर्मका कुरा संक्षिप्तमा उपदेश दिनुभयो । जुनमा मूल तीनवटा कुराहरू छन् । ती हुन्:- कुनै पाप नगर्नु, असल कर्मगर्नु, चित्तलाई क्लेसहरूबाट मुक्त तथा शुद्ध राख्नु । यो भेलाका मुख्य चार विशेषताहरू छन्:-

१) भेला भएका सबै भिक्षुहरू अर्हत हुनुहुन्थ्यो ।
२) वहाँहरू सबैजना "एही भिक्खु" अर्थात भगवान् बुद्धबाट सोझै भिक्षुत्व पाउनु भएकाहरू थिए ।
३) वहाँहरू कुनै पूर्व-योजना विनानै भगवान् बुद्धको दर्शन गर्न एकैसमयमा आइपुग्नु भएका थिए ।
४) भगवान बुद्धले दिनु भएको यो उपदेशलाई ओवाद पातिमोक्ख भनिन्छ । यसको मतलब त्यो दिनको मूल उपदेश भनिएको हो । त्यसो हुनाले आजसम्म पनि माघपूर्णिमालाई विभिन्न विधि र पूजाआजाका साथ आयोजना गरि मनाइन्छ ।

■



Downloaded from http://www.dhamma.digital

# धम्मपद-१००

✍ रीना तुलाधर

**मा'प्पमञ्ञेथ पुञ्ञस्स – न मन्तं आगमिस्सति**
**उदबिन्दु निपातेन – उदकुम्भो'पि पूरति**
**पूरति धीरो पुञ्ञस्स – थोक – थोकम्पि आचिनं ।**

**अर्थ-** मैले गरेको पुण्य कार्य सानो छ । यसको फल कहिले आउला भनी सोच्नु हुँदैन । बिर्को नभएको पानीको गाग्रोमा एक एक थोपा नटुत्ले गरीकन पानी राख्दै जाँदा त्यो गाग्रो एक समयमा भर्छ । त्यस्तै गरी पण्डित विद्वानजनहरूले थोरै थोरै भएपनि संचय गर्दै पुण्यरुपी गाग्रो भर्दै लग्छन् । घटना-

भगवान बुद्ध श्रावस्ती नगरमा जेतवन महाविहारमा बसीरहनु भएको समयमा श्रावस्ती नगर वासीहरूले समूह समूह मिलेर बुद्ध सहित भिक्षु संघलाई दान दिईरहेको कुरालाई प्रशंसा गरी भुक्तानुमोदना गर्दै भगवान बुद्धले यस्तो भन्नु भयो -"जसले आफ्नो पैसाले दान दिएर अफ अरूलाई पनि दान दिन आव्हान गर्छ, प्रोत्साहन दिन्छ त्यसले सँधै धन सम्पत्ति र परिवार सम्पत्ति प्राप्त गर्छ ।" भगवान बुद्धको यो उपदेशले प्रभावित भई त्यहाँ भएका एउटा पण्डित व्यक्तिले सोही अनुसार आचरण गर्ने विचारले भोलिपल्ट भोजनको लागि बुद्ध र सबै भिक्षु संघलाई निमन्त्रणा गरे । भगवान बुद्धले स्वीकार गर्नु भए पछि त्यो पण्डित व्यक्ति खुशि भएर नगरमा सबैलाई "भोलिको संयुक्त भोजन दान कार्यमा आ-आफूले सक्दो दान दिनु" भनी उद्घोषण गर्दै घर घरमा खाद्य पदार्थहरू चन्दा माग्न गए ।

यो सबै देखेर नगरका एक महाजनले यस्तो सोचे- "यो मान्छेले आफ्नो खर्चले सक्ने जति भिक्षुलाई मात्र भोजन नगराईकन शहरभरि चन्दा माग्दै ठूलो संख्यामा भिक्षुहरूलाई भोजन गराउन लागेछ ।" आफ्नो घरनिर आईपुगेपछि चन्दा माग्नेलाई बोलाएर उसको भाँडोमा आफ्नो तीनवटा औलाले च्याप्न सक्ने जति थोरै चामल र दाल, त्यस्तै दारुको टुप्पोले तान्न सके जति थोरै ध्यू र सखर हालीदियो । चन्दा माग्न आउने पण्डितले महाजनले दिएको त्यो थोरै सामान छुट्टै राखेर लगेको देखेर "पक्कै पनि म ठूलो महाजन भएर पनि त्यति थोरै दान दियो भनेर मेरो बेइज्जति गर्न खोजेको होला" भनी ठानी त्यसको पछि पछि एउटा काम गर्नेलाई पठाएर हेर्न पठाए । काम गर्नेले त्यो थोरै सामान सबै भाँडोहरूमा छुट्टाछुट्टै खन्याइएको देख्यो । त्यो पण्डितले "यो दान दिएको महाजनलाई ठूलो फल प्राप्त होस् ।" यसरी पनि भनीरहेका थिए । त्यो महाजनले पण्डितले खासमा के गर्न खोजेको हो बुझ्न सकेन । भोलिपल्ट भोजन प्रदान गरीरहेको ठाउँमा हेर्न गए । केही गरी आफ्नो बेइज्जती गऱ्यो भने त्यो पण्डित व्यक्तिलाई मारीदिने योजना गरी चक्कु पनि लुकाएर लगेको थियो ।

उसले सोचेको विपरित भोजनको आयोजना गर्ने त्यस व्यक्तिले यसरी भगवान बुद्धलाई भनिरहेको सुने- "यो भोजन प्रदान गरेको सबैको संयुक्त दानबाट हो । कसैले थोरै दियो, कसैले धेरै दियो । तर सबैले ठूलो श्रद्धाले दिएको हुनाले यसको पुण्य भाग सबैले बराबर पाउन् ।" यो सुनेर त्यस महाजनलाई आफ्नो गलतिको महसूस भयो । र त्यस पण्डित व्यक्तिसंग क्षमा माग्दै भने- "मैले तपाई माथि गलत सोचेर अपराध गरें । मलाई क्षमा गर्नुस् ।" तिनीहरू दुइजनाको कुराकानी भईरहेको सुनेर भगवान बुद्धले के भएको सबै कुरा वृतान्त सुन्नुभयो । यसै प्रसंगमा भगवान बुद्धले भन्नुभयो- "हे उपासकहरू ! पुण्य भनेको सानो भनेर ठान्नु हुँदैन । बुद्ध र बुद्ध प्रमुख भिक्षु संघलाई दान दिएको थोरै भयो भनेर सोच्नु हुँदैन । बिर्को खोलेको भाँडोमा थोपा थोपा पानी हाल्दै जाँदा त्यो एक समय भरी हाल्ने जस्तै पण्डितहरूले गरेको सानो सानो पुण्य कार्य पनि जम्मा भएर ठूलो पुण्यको संचय हुन्छ ।" यसरी धर्म देशना गर्दै भगवान बुद्धले उपरोक्त गाथा भन्नु भयो ।

■



Downloaded from http://www.dhamma.digital

# मानव जीवन, धर्म र आचार संहिता

✍ आनन्द प्रधान, मैतिदेवी, फोन नं ४२४५७०

यो संसार एउटा ऐना हो र यो ऐनारूपी संसारलाई हेर्ने दृष्टिकोण प्रत्येक व्यक्तिको भिन्न भिन्न हुन सक्छ ।

एउटा राजकुमारको निमित्त यो जीवन केवल भोग विलासको जीवन हुन सक्छ र यो संसार उसको निमित्त मानौं स्वर्ग सरह हुन सक्छ । तर यही जीवन र यही संसार एउटा दीनहीन असहाय व्यक्तिको निमित्त दु:खै दु:खको जीवन र दु:खै दु:खको संसार हुन सक्छ । त्यस्तै एउटा गृहत्यागी सन्यासीको निमित्त यो जीवन नै झुठो, माया, मोह नै झुठो र यो संसार नै झूठो अवास्तविक हुन सक्छ । तर एउटा घर संसारीको निमित्त यो जीवन र यो संसार परिवारहरूको माया, मोह, ममता प्यार र स्नेहले बाँधिएको सुख र दु:ख, हाँसो र आँसु मिश्रित जीवन हुन सक्छ । त्यस्तै एउटा महान चिन्तक ज्ञानी पुरुषको निमित्त यो जीवन, अर्थपूर्ण, सारपूर्ण उद्देश्यपूरक र शिक्षाप्रद हुन सक्छ भने यो संसार लोकको हितको निमित्त समर्पित भएर काम गरेर देखाउने विराट कर्मक्षेत्र हुन सक्छ । त्यस्तै एउटा श्रद्धाका पात्र तत्वदर्शी पुरुषको निमित्त यो संसार मानव मात्रको पुनीत कर्तव्य तथा जीवनको उच्च आदर्श, मूल्य र मान्यता बारे बोध गराउने र विश्व बन्धुत्वको भावनाको विकास गर्ने पवित्र धार्मिक स्थल हुन सक्छ । तर एउटा भौतिक वैज्ञानिकको निमित्त यो रहस्यमय विश्व ब्रह्माण्ड संसार अगम, अथाह, असीम ज्ञान र विज्ञानको भण्डारको अतिरिक्त नयाँ नयाँ वस्तुको खोजी गर्ने प्रकाशमा ल्याउने, अभूतपूर्व उपयोगी वस्तुको उद्यावन गर्ने तथा गहन अध्ययन, अनुसन्धान, अवलोकन अनुभव र सुक्ष्म विश्लेशण गर्ने उपयुक्त वातावरण मिलेको तथा भौतिक सुविधायुक्त विशाल प्रयोगशाला हुन सक्छ । उनको निमित्त याहाँ गर्नु पर्ने धेरै कामहरूको तुलनामा जीवनको अवधि अति छोटो हुन सक्छ ।

याहाँ जीवन निर्वाह गर्ने उपाय जे जस्तो होस् र यो संसारलाई हेर्ने दृष्टिकोण जस्तो होस् एउटा विडम्वनापूर्ण सत्य कुरा चाँहि के हो भने प्रकृतिको नियम अनुसार जन्मेपछि मर्नै पर्छ । यस्तो मर्नै पर्ने बाध्यता भएकोले वर्तमान समयलाई सदुपयोग गरेर आफूमा भएको प्रतिभालाई उचित स्थानमा प्रदर्श न गरी एउटा योग्यताको इतिहास श्रजना गर्नु सिवाय अर्को विकल्प नभएको स्पष्ट छ ।

यही कुरालाई ध्यानमा राखेर धार्मिक महापुरुषहरूले बाचुन्जेल धर्म गर्नु पर्छ, पुण्य कमाउनु पर्छ भनेर अर्ती र बुद्धि दिनुको तात्पर्य जन्मेको सार सुकर्म गरेर जीवन व्यतित गर्नुमा नै जीवनको सार्थकता छ भन्ने अभिप्राय रहेको पाइन्छ ।

**धार्मिक कार्य :**

वास्तवमा धर्म एउटा यस्तो सारगर्भित शब्द हो जुन शब्दको प्रयोग धार्मिक कुरा र कामको विषय उठ्दा उपयोगमा ल्याइने बहुचर्चित शब्द हो । धर्मको अर्थ जे लागे तापनि भएको क्षेत्र भने व्यापक छ । साधारणतया दैनिक व्यवहारमा दया गर्नु, ज्ञान दिनु, तीर्थव्रत गर्नु, व्यक्ति वा संघलाई श्रद्धाले दान-भेटी चढाउनु, सहयोग माग्नेलाई सहयोग गर्नु, दीनदु:खी माथि दया राख्नु, अतिथिको सेवा गर्नु, निकृष्ट जीव तथा लोकको सेवा गर्नु धर्मको अर्थ र क्षेत्रभित्र पर्ने कुरा र काम हो ।

प्रकृतिमा पनि प्रत्येक जीव तथा जड वस्तुको आ-आफ्नै किसिमको धर्म पाउँदछौं । जस्तो सूर्यको धर्म प्रकाश र ताप दिनु, वायुको धर्म जीव मात्रमा प्राण सञ्चार गरी दिनु, पानीको धर्म तृष्णा मेटी दिनु, पृथ्विको धर्म सम्पूर्ण प्राणी तथा जड पदार्थलाई धारण गर्नु र आश्रय दिनु, वनस्पति जगतको धर्म सम्पूर्ण जीवहरूलाई



Downloaded from http://www.dhamma.digital

पालन पोषण गर्नु र स्वास्थकर हावाको सञ्चार गरी दिनु, बादलको धर्म पानी पारी दिनु तथा पाल्तु गाई-भैंसीको धर्म दूध दिनु हो । त्यस्तै कुकुरको धर्म स्वाभीभक्त भएर घरको रक्षा गरी दिनु हो। घोडाको धर्म भारी बोकी दिएर मानिसको सेवा गर्नु हो ।

**आदर्श धर्म :**

विश्वमा प्रचलित धर्महरू धेरै छन् र ती धर्महरूको विश्वास सिद्धान्त मत र आचार संहिता पनि भिन्न छन् । जुन सुकै नामको धर्म किन नहुन् ती धर्महरूको मूलभूत उद्देश्य लोकको सेवा गर्नु, सत्य, शान्ति र अहिंसाको पाठ सिकाउनु नै हो । तर धर्मको मूलभावना विपरीत काम भै रहेको हुनाले व्यवहारमा हामी धर्ममा हुनु पर्ने आदर्श पाउदैनौं । यसको प्रमाण एउटै धर्म मान्नेहरूको बीच पनि मत भिन्नताको कारण परस्परमा दोषारोपण गरेर हिंसात्मक कार्य गर्नु हो ।

आदर्श धर्म त्यो मात्र हो जुन धर्म प्रकृति जस्तो उदार, स्वतन्त्र र उन्मुक्त छ र जुन धर्मले कुनै जात, जाति, सम्प्रदाय, धर्म, लिंङ्ग, वर्ग र वर्णको भेदभाव राख्दैन । मानिस मानिसमा फुटाउने होइन जुटाउने काम गर्छ । असहयोग र असहिष्णुता होइन सहयोग र सहिष्णुताको भावनाको विकास गर्छ । क्रान्ति होइन शान्ति चाहन्छ । हिंसात्मक कार्य गर्न होइन धार्मिक कार्य गर्न प्रोत्साहन गर्छ । असत्य होइन सत्यको मार्गमा हिड्न प्रेरित गर्छ । दीनदु:खी माथि घृणाको दुष्टिले हेर्ने होइन दया, माया गर्न सिकाउँछ । आफू मात्र बाँच्न होइन अरूलाई पनि बाँच्न सिकाउँछ ।

धर्मको मानव जीवनसित भावनात्मक सम्वन्ध मात्र होइन व्यवहारिक सम्वन्ध पनि छ। अत: संसारमा त्यस्तो धर्म मात्र फस्टाउन सक्छ र दीगो रहन सक्छ जुन धर्ममा कुनै भेदभाव विना विश्वलाई समेट्न सक्ने विशेषता राख्दछ, आदर्श बोकेको छ ।

**आचार संहिता :**

आचार संहिता र अनुशासन एउटै अर्थ लाग्ने दुइ शब्दहरू हुन्। धर्म र आचार संहिता एक अर्काको पुरक तत्व हो । मानिसको जीवनमा आचार संहिताको ठूलो महत्व छ । मानिसलाई, उन्नति प्रगति र समृद्धिको शिखरमा पुऱ्याउने र अवनतिको रसातलमा पुऱ्याउने काममा शील र स्वभावले भूमिका खेलेको हुन्छ ।

भनिन्छ मानिसको चरित्र भन्दा शील र स्वभाव अगाडी हिंड्छ अथवा देखा पर्छ र शील स्वभाव भन्दा एक कदम अगाडी बढ़ेर ब्यक्तिको ब्यक्तित्व हिंड्छ । ब्यक्तिमा ब्यक्तित्व, शिक्षा र शील स्वभाव यी तीनवटै गुण विद्यमान हुनु राम्रो कुरो हो। ब्यक्ति शिक्षित छ र व्यक्तित्व पनि छ तर शील स्वभाव र चरित्र ठीक छैन भने उ आफ्नो साथीभाइ र समाजमा लोक प्रिय हुन सक्तैन । उन्नतिको पथमा अगाडी वढ्न बाधा पर्छ । दोश्रो कुरा ब्यक्तिको गलत सोचाई र क्रियाकलापको कारण उत्पन्न समस्याले मन उदास, उराठ, अशान्त र अस्थिर हुन्छ अथवा उद्दण्ड र उच्छ्रंखलपन आउँछ । फलस्वरूप अनावश्यक दु:ख कष्ट र पीडा भोग्नु पर्ने अवस्था पर्छ। ब्यक्तिको ब्यक्तित्व नभए पनि शिक्षा नभए पनि, शील स्वभाव राम्रो हुनु नितान्त आवश्यक छ ।


धर्मको शरणमा जानु भनेको मानसिक र शारीरिक बोझबाट मुक्ति पाउनु हो। शान्ति, आनन्द र सन्तुष्टिको स्वास फेर्न पाउनु हो । धर्मले अवलम्बन गरेको आचार संहिता पालन गर्नाले आफूमा भएको कमी कमजोरी र त्रुटीहरू जरैबाट उखेली दिनु लज्जास्पद तथा घृणास्पद क्रियाकलापबाट टाढ़ा राख्ने काम गर्छ । यसैबाट ब्यक्तिको चारित्रिक मानसिक, बौद्धिक र शारीरिक विकासको शुभारम्भ हुन्छ । सुख र शान्तिपूर्वक बाँच्ने जीवन शैलीको मूल प्रवाह भेटाउँछ ।

धर्माचरणले ब्यक्तिमा के कस्तो परिवर्तन आउँछ र उ कसरी लाभान्वित हुन पुग्छ भन्ने बारे तल रेखाचित्रको माध्यमबाट देखाउने काम भएको छ ।



Downloaded from http://www.dhamma.digital

## धर्माचरणको प्रभाव




**निष्कर्ष :**

आचार संहिता व्यक्तिको (साधक/साधक गृहस्थी/साधक विद्यार्थी) शील स्वभाव र चरित्रमा आमूल परिवर्तन ल्याएर सदाचारी बनाउने पहिलो पाठ हो भने धर्म धारण (धर्माचरण) सुख र शान्तिपूर्वक बाँच्ने जीवन पद्धति हो, रक्षा कवच हो ।

निकृष्ट जीव प्रति दया गर्नु र मानव मात्रको सेवा गर्नु ठूलो धर्म र कर्म हो जसले व्यक्तिलाई अमर बनाउँछ ।



Downloaded from http://www.dhamma.digital

# बाबा साहेब डा. अम्वेडकर सु खः ?

✍ मुनीन्द्ररत्न वज्राचार्य

"हिन्दू जुया: जन्म जूसां जि हिन्दू जुया सिइ मखु" थो खँपु बाबा साहेब डा. भीमराव अम्वेडकरया खः वय्कलं म्हुतुंजक नमवासे ज्यां नं याना क्यना दिल। बाबा साहेब गुम्हेस्यां थःजक मखु भारतया झिगु लाख मनूतय्त बौद्ध यासे बौद्ध इतिहासयात हे छगू अभूतपूर्व ज्या याना केन। भारते करौडौ शोषित पीडित जनतायात हित याय्गु निंतिं वय्कलं आपालं महत्वपूर्ण ज्या यात। दलित वर्गतय्त समाजं अलग्ग तया थी थी शोषण याना च्वंगु इले बाबा साहेब अम्वेडकरं वर्ग विहीन समाजया लागी समाजवाद राष्ट्र सृजना याय्त अनेक प्रयास याय्गु यात। भारतया संविधाने तकं दलितवर्गया उत्थानया लागी विशेष व्यवस्था याना दिल। दलितवर्गया हक हित व मान मर्यादा याय्गु ज्याय् थःगु जीउ ज्यान फुका वन। थौतकं बाबा साहेबयात छम्ह तःधंम्ह क्रान्तिकारी मनूया रूपय् माने याना वयाच्वंगु दु। उखुन्हु तिनि भारतया मुम्वई शहरे स्थापनायाना तःगु बाबा साहेबया सालिके सुं उपद्रहा मनुखं लाकां मा कोखाय्का तःगु खना दलित बर्ग समूहं बाबा साहेब यात अपमान याःगु भापिया तःधंगु विद्रोह यात। थुगु विद्रोह यात दमन याय्गु कुतले पुलिसतसें गोली कय्कू बले झिम्ह मनूत थहरै सित। आपालं मनूत घाइते जुल। थुकथं महत्वपूर्णम्ह ब्यक्तित्व दुम्ह मनूया जीवन म्हसिइकेगु सकसितं कौतुहल जुइगु स्वाभाविक खँ खः।

सकल दलित वर्ग जक मखु बौद्ध धर्मावलम्वितसें नं बाबा साहेब प्रति तःधंगु आस्था तयाच्वंगु दु। थौतक उलि हे रूपं बाबा साहेबं च्वयादीगु आपालं सफू व वय्कःया भाषण संग्रह मात्तु माला स्वय्गु याना वया च्वंगु दु। वय्कया तसकं हे लोकं व्हाःगु सफू "बुद्ध र उहाँका धर्म" धयागु खः। थथेहे वय्कःया भाषण संग्रह जुया च्वंगु आपालं सफू मध्ये मानव धर्म सफू तसकं लोक प्रिय जुयाच्वंगु दु। वय्कःया भाषण व सफू खास याना दलित वर्गया हक हित व शोषण विरूद्धया प्रतिनिधित्व याना च्वंगु खंके फु। वय्कःया ब्यक्तित्वया विशेषता हे मानवीय उद्धार, भावनां दलित वर्गया उद्धार याय्गु लँपुइ लिकुना च्वंगु दु।

बाबा साहेब अम्वेडकर थःहे नं छगू कमजोर उपेक्षित जातियाम्ह जुया शोषित पीडित दलित जातिया उत्थान याय्त तःधंगु प्रयास याय्माल। बाबा साहेब भीमराव अम्वेडकरया जन्म महाराष्ट्रया महू धयागु गामे सन् १८९१ अप्रिल १४ तारिखे जुगु खः। हिन्दू जातिनं कोय्या जाति लाःगुलिं अम्वेडकरं थःगु जीवने अनेक कथंया संघर्ष याय् माल। साधारण दलित परिवारया अवु रामजी सुखराव व मां भीमावाईया कोखं जन्म जूम्ह अम्वेडकरया थःबौ ब्यारेके जागीर जूगुलिं स्कूल वना आःख ब्वनेगु भाग्य धासा बल्ल तल्लं चूलाके फत। तर थःगू स्कूल जीवने तःधंगु अपमान फ फँ आःख ब्वने माल। दलित बर्गया मचा जूगुलिं बेन्चे च्वने ब्वने तकं मदु, गुरू नं दलित वर्गया छात्र जूगुलिं वयागु सफु थिइगु मखु, कापी परिक्षण याइगु मखु, हिन्दू प्रयोग यायगु हिती लः तोने मदु। थुकथं कोय्या जात जातियात याइगु संकुचित धारणा प्रति बाबा साहेबया मचानिसें तसकं विद्रोह भाव पिज्वःगु खः। न्ह्यागुसां कुंमि सहयाना विद्या हासिल याय्गु यात बाबा साहेब छम्ह जेहेन्दारम्ह विद्यार्थी जूगुलिं स्कूलया शिक्षक तय् साप यो। अम्वेडकर या मेहनत व वफादारी प्रभावित जुया छम्ह शिक्षक एन.एस.जोशीं वयात न्ह्योने च्वंगु वेन्चय् हे चोनेगु आदेश बिल। थथेहे मेम्ह छम्ह शिक्षकं दादा बेलुस्करं अम्वेडकर यात खुशि जुया "दि गौतम बुद्ध" चरित्र नांया सफू छगू नं उपहार बिल। अम्वेडकर थ्व हे सफू बाँलाक अध्ययन याना बुद्धया सन्देशं विशेष प्रभावित जुल। जातं जुइ मखु चाण्डाल जातं जुइ ब्राह्मण कर्मं हे जुइ चाण्डाल व ब्राह्मण, थें समानताया भावना खना बुद्धधर्म प्रति तःधंगु श्रद्धा वन। लिपा तकं बौद्ध धर्मया अनुशरण याना दिल।

अम्वेडकरं सन् १९०७ बम्वईया एल्फिस्टन हाई स्कूलं मेट्रिक पास यात। अमेरिकाय् अध्ययन यायगु मौका नं वल। अम्वेडकरं अमेरिकाया कोलोम्बिया युनिभर्सिटिं एम.ए या उपाधि कया बेलायतं पि.एच.डि व डि.एस.सि वैरिष्टरया अध्ययन याना थगु देशे हे लिहां वल। विदेशं लिहाँ वसेंलिं थःगु मने मचानिसें विद्रोह



Downloaded from http://www.dhamma.digital

पिज्वया च्वंगु दलित वर्ग प्रति जुया च्वंगु अत्याचार न्हंकेत न्ह्यचिला दिल । दकले न्हापां सन् १९२४ जुलाई २० तारिख खुन्हु वहष्कृत हितकारीणी सभा या स्थापना याना देशे जुया च्वंगु दमन शोषण अन्याय प्रति विरोध यायृत थी थी उपायत मालेगु यात । दलित वर्गयात जुया च्वंगु शोषण चिइकेगु सिलसिलाय् सन् १९२७ जून ६ स सत्याग्रह याःगु द्वपने प्यला तक अम्वेडकरयात जेले कुना नं बिल । जेलेवनेमासां छुँ पर्वाह मतसे बाबा अम्वेडकरं सन् १९३० मार्च महिना पाखे महाराष्ट्रया कालाराम नारि जुइगु वार्षिक उत्सवे दलित वर्ग नं मन्दिर दुने वने दयमा धका हिन्दूतय् विरूद्ध तःधंगु विद्रोह याय्गु यात । थथेहे दलित वर्ग व मजदूर वर्गया हक हितया लागी वयकलं सन् १९३६ स मजदूर दल छगुनं स्थापना यानाः उकिया नेतृत्व नं याय्गु यात ।

सन् १९४७ स भारत अंग्रेजया ल्हातं स्वतन्त्र जुसेंली बाबा अम्वेडकरया लोकप्रियता आपालं जुया वन । थुगु हे लोकप्रियता व व्यक्तित्वयात कदर यासे प्रधानमंत्री जवाहरलाल नेहरूं अम्वेडकरयात कानून मंत्री नं याय्गु यात । थुगु हे इलय् सन् १९४७ अगष्ट २९ स गठन याःगु संविधान मस्यौदा आयोगया सदस्ये नं वयक:या नां समावेश याय्गु यात । भारतीय संविधान दुने दलित वर्गया हक हित व आरक्षाया लागि डा. अम्वेडकरं तःधंगु संघर्ष याना दिल । राष्ट्रिय एकताया लागी जातपातया भेदभाव उचित मजू धका विचाः प्वंकेगु नं याना दिल । थुगु प्रयासयात कयाः हे वयकः यात बाबा साहेव धका लुमंकेगु यानाच्वन । बाबा साहेब राजनीति जीवनं अलग्ग धर्मे नं उतिग्यं । समाजवादया धारणां अभिप्रेरित जुया दीगुलिं भारत थें जागु गरीव मुलुकया लागी बौद्ध धर्म तसकं ज्याय्लगे जूगु धर्मया रूपे मनन याय्गु सुझाव वियादिल । बाबा साहेबया बौद्ध धर्म प्रति अगाध स्नेह दुगुलिं आपालं बौद्ध सम्मेलने भारतया प्रतिनिधित्व याय्गु याः । सन् १९५० स श्रीलंकाय् जूगु प्रथम विश्व भातृत्व बौद्ध सम्मेलने वयकलं भाग कया दिल । सन् १९५४ स रंगूने जुगु विश्व बौद्ध सम्मेलने मिखाय् जायक ख्वबि तया थःगु वेदना प्वंका दिल । थःगु देश बौद्ध मुलुकया रूपे हने मफुगु व थपिनि मनूतय् मानवताया शिक्षा ध्वाथुइके मफुगुलिं नुग मछिंका दिल । थथहे नेपालय् जूगु चतुर्थ विश्व सम्मेलने नं भाग कयादिल ।

बाबा साहेब अम्वेडकरया विचारधारा युवा वर्गयात सचेत याय्गुलि विशेष ध्यानाकर्षण जुया च्वंगु दु । युवा वर्गयात वयकलं थुकथं सन्देश विइगु याना दिल "युवा वर्ग शिक्षित जु, संगठित जु, थःत तम्हं विश्वास याना संघर्ष याना न्याय नं थम्हं याना स्व" । थथेहे मनूत आध्यात्मिक प्राणी जूगुलिं मनू मनूया दत्थुइ छगु बांलागु स्वापू तया विइ । अम्वेडकरं दलित वर्गया शोषण विरूद्ध व बौद्ध धर्मया महत्वयात कयाः आपालं प्रवचन बिय्गु यानादिल । थुकथं थःगु जीवने समाजया भलाईया ज्या यायां हे सन् १९५६ डिसेम्वर ५ स थःगु जीवन तोता वन । वय्कया मृत्युं सम्पूर्ण दलित वर्गया नुगले घाः लाकल । बौद्ध जगते नं छम्ह महान तपस्वीया अभाव यात । उकें थौं तकनं दलित वर्गया नुगले डा.अम्वेडकर सम्मानपूर्वक अमीट छापया रूपय् ल्यंना च्वंगु दु । उकें वयक:या व्यक्तित्वय् घाःलाई कथंया ज्या जुइवं भारतया दलित वर्गया लागी तसकं नुगले स्याय्गु याः । थःगु प्राणया आहुती तकं विइत लिफ स्वय्गु मयाः । उखुन्हु मुम्वईले जूगु विद्रोह हे बांलागु नमूनां क्यं । ■

### जिपिं छिपिं धका हाला च्वने मजिल छपाँय् छधी ज्वीमाल भ्रीपिं

✍ पूर्णकाजी उपासक

गन वन नेपामि बुद्धया अनुयायी धकाः हाला च्वंपिं<br>
परम्परां निसें बुद्ध मार्गि खः जिपिं धका धया च्वंपिं<br>
कर्तव्य छु खः जिगु धका मचाहे च्यूता मदेका च्वंपिं<br>
सिद्धार्थया जन्मभूमि थन धकाः तक्कनं मसीका च्वंपिं<br>
गुलि अन्धकारे लाना च्वन बुद्धमार्गि धका हाला च्वंपिं<br>
पञ्चशील पालन याय्माः धका तकनं मसीका च्वंपिं<br>
जपतप पूजा याना भावभक्ति हे सदाँ तया च्वंपिं<br>
अन्ध श्रद्धाँ अन्धभक्तिं अन्ध विश्वासेहे लाना च्वन भ्रीपिं<br>
थ्वीकाबीमाल बुद्धया धर्मे शिक्षित याय्त उपासक उपासिकापिं<br>
विहारे जक च्वनाँ मजिल भन्ते गुरूमाँ चाःहिले माल छलपोलपिं<br>
आःला मिले जुयमाल फुक्कं बुद्ध मार्गि धका हाला च्वंपिं<br>
जिपिंछिपिं धका हाला च्वने मजिल छपाँय् छधिः जुयमाल भ्रीपिं<br>
लाभ सत्कार लोभ तृष्णा बाधक खः बुद्धं क्यंगु लँपुई वनिपिं<br>
शिल समाधि प्रज्ञा साधक खः बुद्धं क्यंगु लँपुई थ्येनिपिं ।



Downloaded from http://www.dhamma.digital

## बुद्ध शासन

२०५४ भाद्र २१ गते

यस दिन भिक्षुणी धम्मवतीले प्रवचन गर्नुहुँदै भन्नुभयो-"संसारमा बुद्ध जस्तो महामानव उत्पन्न हुनु भनेको दुर्लभ विषय हो । बुद्ध शिक्षा अनुसार संसारको स्वभाव नै अनित्य र परिवर्तनशील हो । यसरी नै संसारमा बुद्ध शासन पनि अनित्य हुँदै जाने भएको हुँदा यस शासनलाई ३ तहमा बिभाजन गरिएको छ ।

(१) **अरहन्त शासन:-** संसारको दु:खबाट मुक्ति प्राप्त गरिसकेका व्यक्तिहरू (अरहन्त व्यक्तिहरू) संलग्न रहेको अवस्थाको बुद्ध शासनलाई अरहन्त शासन भनिन्छ ।

(२) **सम्मुति शासन:-** संसारको दु:खबाट मुक्तिको लागि प्रयासरत व्यक्तिहरू संलग्न भएको अवस्थाको बुद्ध शासनलाई सम्मुति शासन भनिन्छ ।

(३) **लिङ्ग शासन:-** सांसारिक दु:खबाट मुक्ति प्राप्त गर्ने कार्यलाई परवाह नगरी केवल बुद्ध शासनको केही चिन्हलाई कर्त्तब्यको रूपमा धारण गर्दै हिंड्ने व्यक्तिहरू संलग्न रहेको अवस्थालाई लिंग शासन भनिन्छ ।

नेपालमा पनि केही वर्ष अगाडि बुद्ध शासनले लिंग शासनको रूप लिईसकेको थियो । तर वीचमा केही विद्वानहरूको मद्दतले यस लिंगशासनलाई हटाई हाल सम्मुति शासनमा परिवर्तन गरिसकेको छ ।

यही सम्मुति शासनमा रही आफ्नो जीवन सुखमय बनाउनको लागि आफ्नो मनलाई अष्टलोक धर्म (निन्दा, प्रशंसा, यश, अयश, सुख, दु:ख, लाभ र अलाभ) बाट विचलित हुन नदिनु पर्छ । अनिमात्र हामीले मानसिक शान्ति प्राप्त गरी जीवनलाई सुखमय बनाउन सक्ने छौं । किनभने हाम्रो जीवनमा भौतिक सुखको साथसाथै मानसिक सुख ज्यादै महत्वपूर्ण छ ।

संजय महर्जनद्वारा रिपोर्टिङ्ग गरी रमेश ताम्राकार को सभापतित्वमा सम्पन्न भएको उक्त दिनको कार्यक्रम तारा डंगोलले संचालन गर्नु भएको थियो ।

## नैष्कम्य पारमिता

२०५४ भाद्र २८ गते ।

यस दिन भिक्षु अश्वघोष महास्थविरले नैष्कम्य पारमी बारे प्रवचन गर्नुहुँदै भन्नु भयो- "नैष्कम्य पारमी भनेको आध्यात्मिक सुख भोग गरी शुद्ध जीवन अपनाउनका लागि सांसारिक सुख त्याग गर्नुलाई भनिन्छ ।

शैद्धान्तिक रूपमा नैष्कम्य ५ प्रकारका छन् ।

१) **प्रव्रज्या नैष्कम्य** - गृहसुखबाट अलग्ग हुनु ।
२) **निर्वाण नैष्कम्य** - सांसारिक सुख दुखबाट अलग्ग हुनु ।
३) **ध्यान नैष्कम्य** - शान्त, शुद्ध र सरल जीवन जिउने ।
४) **विदर्शना नैष्कम्य** - क्लेशबाट अलग्ग हुनु ।
५) **कुशल कर्म नैष्कम्य** - खराव अकुशल कर्म नगर्नु ।

ध्यान नैष्कम्य गर्न सकेमा ५ प्रकारका बाधा अडचनहरू हटाउन सकिन्छ । (१) भोग विलासी इच्छा (२) वदला लिने भावना (३) शारिरीक र मानसिक इच्छा (४) अहंकार र पश्चाताप (५) भए नभएको शंका ।

अन्त्यमा उहाँले भन्नुभयो, आजकल विभिन्न प्रकारका लोभका कारणले प्रव्रजित हुने व्यक्तिहरू पनि नभएका होइनन् । तर जे होस्, धर्म प्रचार गर्ने उद्देश्यले प्रव्रजित हुनु राम्रो हो । धर्म प्रचार गर्नुका उपलव्धीहरू यसरी लिन सकिन्छ ।

(१) आत्म निर्भर हुन सक्छ (२) बहुजनको हित गरी सफल जीवन जिउन सक्छ (३) अप्रशन्न व्यक्तिहरूलाई प्रशन्न पार्न सक्छ (४) दु:खबाट मुक्त भई सादा जीवन जिउन सक्छ आदि ।

यसदिन श्यामलाल चित्रकारको सभापतित्वमा तारा डंगोलले कक्षा संचालन गर्नु भएको थियो भने जितेन्द्रले रिपोर्टिङ्ग गर्नु भएको थियो ।

## आफूले आफैलाई परिक्षा गर्ने

२०५४ अशोज ४ गते ।

यसदिन अनगारिका वीर्यवतीले आफुले आफैलाई परिक्षा गर्दै विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो- "सुखमय जीवन जिउनका लागि बुद्धले हामीलाई आफुले आफैलाई परिक्षा गर्ने शिक्षा दिनुभएको छ । तर यस शिक्षालाई हामीले भित्री ज्ञानले यथार्थ रूपले बुझ्ने प्रयास



Downloaded from http://www.dhamma.digital

नगरेकोले वा बुझ्न नसकेकोले होला, हामीले आफूलाई परिक्षा गर्नेतिर होइन आफु वरिपरिका व्यक्तिहरूलाई मात्र परिक्षा गर्दै हिंड्छौं । फलस्वरूप आफुलाई चित्त बुझ्दो अनुकूल घटना घटेमा त्यसप्रति भावुक बनी राग उत्पन्न गर्छौं भने आफुलाई चित्त नबुझ्ने घटना घटेमा त्यसप्रति घृणा जगाई द्वेष उत्पन्न गर्छौं । यसरी शान्तिको खोजिमा हिंड्ने हामी अज्ञानताको वसमा परी आफुलाई राग र द्वेषको शिकार बनाउँदै अशान्ति मचाउँदै हिंड्छौ ।"

यसको सिलसिलामा उहाँले राग र द्वेषको बसमा परी अशान्ति मच्चाउँदै हिड्ने क्रमश: प्रकृति चण्डालिका र बैदेहिका उपासिकाको उदाहरण प्रस्तुत गर्नुभयो । यसको साथसाथै अरूको परिक्षा गर्ने तिर नलागी आफुले आफ्नै परिक्षा गर्ने सुनापरान्त निवासी भिक्षु पूर्ण कसरी बुद्धको प्रशंसाको पात्र बन्न सफल भई सुखमय जीवन जिउन सफल भए भन्ने बारे बुद्धकालिन घटना प्रस्तुत गर्नुभयो ।

अन्त्यमा उहाँले भन्नुभयो- जसरी पृथ्वीलाई कसैले कोडालोले मात्र खनेर भष्म गर्न सक्दैन, नदीको सम्पूर्ण पानीलाई घाँसपात बालेर तताउन सक्दैन र आकासलाई कसैले रंगाउन सक्दैन, त्यस्तै जसले आफ्नो चित्तलाई मैत्री र उपेक्षा रूपी जलले विशाल बनाउन सक्छ, त्यसलाई बाह्य्य वातावरणले डगमगाउन सक्दैन।

श्रीमती विमला शाकयको सभापतित्वमा सम्पन्न भएको उक्त कक्षा सुश्री तारा डंगोलले संचालन गर्नु भएको थियो भने सुश्री मीनशोभा शाक्यले रिपोटिँङ्ग गर्नु भएको थियो ।

**बौद्ध व्यक्तिहरू**

२०५४ आश्विन ११ गते । यसदिन कार्यक्रमको वक्ताको रूपमा बोल्नुहुँदै मदन रत्न मानन्धरले भन्नुभयो-"कुनै पनि व्यक्तिबाट हामीले धेरै कुराहरू सिक्न सक्छौं । यसरी नै बौद्ध व्यक्तिहरूको पनि जीवनी पढेर त्यसबाट थुप्रै आदर्शहरू सिकेर हाम्रो जीवनलाई सुखमय बनाउन सक्नेछौं । उहाँहरूको चरित्र अध्ययन गरी हामीले आफ्नो चरित्र सुधार्न सक्नेछौं ।

यसरी व्यक्तित्वको विषयमा अध्ययन गर्दा भिक्षु, भिक्षुणी, उपासक र उपासिका गरी ४ भागमा बिभाजन गर्न सक्छौं ।

यी अनुकरणीय बौद्ध व्यक्तिहरू यस प्रकार छन् ।

भिक्षुहरू: सारीपत्र, महामौद्गल्यायन, आनन्द र वक्कली आदि । भिक्षुणीहरू: प्रजापती गौतमी, किसा गौतमी र पटाचारा आदि । उपासकहरू: अनाथपिण्डक, जीवक बैद्य, नकुलपिता आदि । उपासिकाहरू: विशाखा, श्यामावती र नकुलमाता आदि ।

श्यामलाल चित्रकारको सभापतित्वमा सम्पन्न भएको उक्त दिनको कक्षा श्री ध्रुवरत्न स्थापितले संचालन र रिपोटिँङ्ग गर्नु भएको थियो ।

**प्रज्ञा पारमिता**

२०५४ आश्विन १८ गते, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको साप्ताहिक कार्यक्रममा सोही गोष्ठीका धर्मानुशासक भिक्षु अश्वघोष महास्थविरले दश पारमिताको बारेमा प्रवचन दिने क्रममा उक्त दिन प्रज्ञा पारमिताको बारेमा प्रवचन दिनु भयो ।

प्रवचन दिने क्रममा उहाँले "प्रज्ञा पारमिता दश पारमिता मध्य अति महत्वपूर्ण चौथो पारमितां हो" भन्नु हुँदै "श्रद्धा सहितको प्रज्ञा बिना दश पारमिताको गुण पूरा गर्न सक्दैन नकी एक दानी र शीलवान भई सफल जीवन यापन नै गर्न सक्छ" भन्नुभयो । यसरी नै प्रज्ञालाई प्रष्ट पार्ने क्रममा बुद्धले "प्रज्ञा नै रत्न, धन, सम्पत्ति, गहना हो" भन्नुभएको कुरालाई अगाडि सार्नु हुदै प्रज्ञा र बुद्धिलाई अनित्य, दु:ख अनात्मा र राम्रो नराम्रो छुट्याउने एक शक्तिशाली साधनकै रूपमा मानी त्यसको महत्व बारे प्रकाश पार्ने क्रममा एक प्रज्ञावान ब्राह्मणले आफू डाँकाहरूको हातबाट मरेर तीन ब्यापारीहरू बचाएको तथा श्रीमती बेचेको आरोपमा सजाँय भोगीरहेको, श्रीमानलाई आफू स्वइच्छाले अरूसंग विवाह गरेको वास्तविता खुलाई सजाँयबाट बचाएको, केही समय अगाडि घटेको सिंधुलीको वास्तविक घट्ना प्रस्तुत गर्नुभयो र भन्नुभयो- "प्रज्ञा र बुद्धी भएको ब्यक्ति शत्रु नै भएपनि राम्रो हुन्छ ।"

श्री चिनीकाजी महर्जनको सभापतित्वमा संचालित उक्त कार्यक्रमको संचालन तथा रिपोर्टर क्रमश: श्री ध्रुबरत्न स्थापित र श्री ज्ञानेन्द्र महर्जन हुनुहुन्थ्यो । ■



Downloaded from http://www.dhamma.digital

# "युताका नावातामे"

✍ श्रामणेर सुमनकीर्ति

नावातामे आई विरानो देशमा,
ठूलो आशा र भरोशामा ।
उहाँले देशमा ल्याए फूल,
के यही नै थियो उहाँको भुल ?

आकांक्षा, सम्भना छ तिम्रो,
हरेक नेपाली मुटुमा ।
दुखी छन् सम्भनामा तिम्रै,
रूमलिएका छन् तिम्रै यादमा ॥

प्रख्यात विश्वको एक ठाउँमा,
लुम्बिनी स्थित एक बिहारमा ।
सपना कसैको त्यस ठाउँमा,
पूरा गर्न त्यस लुम्बिनीमा ॥

दियो आफ्नो ज्यान निर्माणमा,
मर्नु रहेछ प्राणाहुतिमा ,
के कस्तो स्वार्थ संसार अहो !
सहे दु:ख भएर दुर्गतिमा ॥

रक्तधाम भई ढलेका यी ब्यक्ति,
ढलिहाले गोली लागी ।
कुनै देशमा पाइन्न यी शक्ति,
भयो यो देशमा हानी ॥

लेखी इतिहासमा नै देन,
अमर भइ बौद्धको लागी ।
बस्यो एक अमीत कालो दाग,
गरीत्याग सधैंको निम्ति ॥

आए ठूलो मार लुम्बिनीमा,
विश्व शान्ति स्तूप निर्माणमा ।
भयो भताभुंग त्यस ठाउँमा,
खाएनन् हरेस त्यस कार्यमा ॥

तल्लीन रहे बौद्ध विकाशमा,
छोडेनन् त्यस एक ठाउँमा ।
जारी छ त्यस विकाश कोषमा,
युताका छ त्यस लुम्बिनीमा ॥

बुद्ध धर्मका शिष्य नावातामे,
जन्मभूमि बुद्धको ठाउँमा ।
चुपलाग्दैनन् बौद्ध संघर्षमा,
अघि अघि बढ्ने छन् नेपालमा ॥

आई विरानो देशमा तिमी,
गयौं तिमी आशा बोकी ।
सम्भना तिम्रो सधैंको लागी,
अनि त्याग बौद्ध र यो देशको लागी ॥
सदा सदाको लागी ॥

# 'दरशन"

✍ केश रत्न कंसाकार

नु नु पासा भी फुक्क जाना
भगवानया दरशन या: वनेनु ॥ धु ॥

भगवानं ब्यूगु अहिंसा धर्म
पालन भीसँ या: वनेनु
भी फुक्क जाना छप्पँ जुया:
त्रिरत्न वन्दना या: वनेनु
नु नु पासा ...

वसपोल बुद्धं आज्ञा जूगु
जातभातया भेद मदुगु
फुक्कं उत्थें समान जूगु
भीसँनं हाला न्यंक: वनेनु
नु नु पासा...

रीस राग दक्को चीका:
समभाव् सकसिनँ सीका:
थ:थ: सकलें मिले चले जुया:
जीवन भीसँ भिंक: वनेनु
नु नु पासा...

■



Downloaded from http://www.dhamma.digital

# अनिच्चावत संखारा



नाम : शिवमाया गोसिलिङ्ग

जन्म मिति : वि.सं. १९७५ माघ पूर्णिमा

दिवंगत मिति : वि.सं. २०५४ भाद्र २६ गते नवमी, भक्तपुर ।

Dhamma.Digital

दिवंगत शिवमाया गोसिलिङ्गको पुण्य-स्मृतिमा धर्मकीर्ति पत्रिकाको लागि सहयोगार्थ रु. १,००५/- चन्दा स्वरूप प्रदान गर्ने उहाँका छोराहरुः-

गणेशमान गोसिलिङ्ग भक्तपुर, कृष्णमान गोसिलिङ्ग, भक्तपुर ।

छोरी गंगा श्रेष्ठ, त्यौड ।



Downloaded from http://www.dhamma.digital

**पाँचौं वक्तृत्वकला पर्व-२०५४**

युवक बौद्ध मण्डल नेपाल केन्द्रिय कार्यालयको आयोजनामा श्रावण ४ गते शनिवार आक्षाढ पूर्णिमाको उपलक्ष्यमा पाँचौं वक्तृत्वकला पर्व २०५४ मण्डलका अध्यक्ष सुचित्रमान शाक्यको सभापतित्वमा सम्पन्न गरिएको समाचार छ।

कार्यक्रमका सहभागी बक्ताहरूलाई कार्यक्रमका प्रमुख अतिथी ल.पु.उ.प.म.पा. का मेयर श्री बुद्धिराज बज्राचार्यले उपहार एवं प्रशंसापत्र प्रदान गर्नु भएको थियो।

भिक्षु शोवित समक्ष पञ्चशील प्रार्थना गरी शुरू गरिएको उक्त कार्यक्रमको अन्त्यमा भिक्षु कालुदायीबाट पुण्यानुमोदन गरिएको थियो। कार्यक्रममा लुम्बिनीको विश्व शान्ति स्तूप निर्माण कार्यमा संलग्न रहनुभएका जापानी भिक्षु युनाताका नावातामेको पुण्य स्मृतिमा १ मिनेट मैत्री भावना गरिएको थियो।

उपत्यकाका जम्मा ११ वटा बौद्ध संघ संस्थाहरू र पुस्तकालय क्लवहरूले भाग लिएको उक्त कार्यक्रममा सहभागी वक्ताहरूलाई सुचित्रमान शाक्यले खाडा चढाई सम्मान गर्नु भएको थियो भने चन्द्रमान शाक्यले स्वागत मन्तब्य दिनु भएको थियो। उक्त कार्यक्रममा विद्वान सत्य मोहन जोशीले सहभागी बक्ताहरूले बोल्नु भएको विषयबारे समालोचना गर्नु भएको थियो।

युवक बौद्ध मण्डलका अध्यक्ष सुचित्रमान शाक्यले आगामी वर्षमा हुने छैठौं वक्तृत्वकला पर्व २०५५ का आयोजक मैत्री युवा संघ भक्तपुरका अध्यक्ष तीर्थराज बज्राचार्यलाई वक्तृत्वकला पर्व २०५४ को फाइल हस्तान्तरण गर्नुभयो। सुरेन्द्र शाक्यको संयोजकत्वमा सम्पन्न भएको उक्त कार्यक्रम हेम शाक्य र सानुभाई शाक्यले संचालन गर्नुभएको थियो।

**काठमाडौं, आश्विन १८,**

युवा नेत्र सेवाबाट नगर मण्डप श्रीकीर्ति विहार कीर्तिपुरमा संचालन भइरहेको नि:शुल्क आँखा परीक्षण तथा उपचार क्लिनिक संचालन गरेको पहिलो वार्षिकोत्सव आयोजना गरियो। थाइल्याण्डका राजदूत प्रेचा पितिस्याण्डले वार्षिकोत्सवको उद्घाटन गर्दै आँखाको महत्त्व तथा नेत्रदान सम्बन्धमा आवश्यक जनचेतना जगाउनु पर्ने कुरामा जोड दिनुभयो।

समारोहमा भिक्षु सुदर्शन महास्थविर, नेपाल नेत्र ज्योति संघका अध्यक्ष डा. रामप्रसाद पोखरेल र नेत्र विशेषज्ञ डा.चुन्दुक तेन्जिङ्ले पनि समयमा नै आँखाको उपचार गर्न आह्वान गर्दै आँखाको रोग सम्बन्धमा प्रकाश पार्दै आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभयो।

त्यस सेवाबाट संचालित प्रशिक्षण कार्यक्रमका सहभागी श्रीमती मेनका महर्जनले प्रशिक्षण सम्बन्धमा मन्तव्य गर्नुभएको थियो।

युवा नेत्र सेवाका सदस्य-सचिव श्री सुरज श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्दै युवा नेत्र सेवाको गतिविधिहरू बारे प्रकाश पार्नुभएको थियो भने अध्यक्ष श्री सिद्धार्थ रंजितले युवा नेत्र सेवालाई विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो।

युवा नेत्र सेवाबाट यस वर्ष १,१०६ जना नेत्र रोगीहरूको उपचार १५० जना मोतिविन्दुका रोगीहरू मध्ये ६० जनाको शल्यक्रिया भएको थियो। समारोहमा शाही थाई राजदूतबाट युवा नेत्र सेवालाई रु. ३०,०००/– सहयोग प्रदान गरिएको छ।

*- प्रचार प्रसारको लागि अनुरोध सहित, सुरज श्रेष्ठ, सचिव*

**२२५९ औं शस्त्र परित्याग दिवस सम्पन्न**

२०५४ आश्विंन २५, काठमाडौं। यहाँको गणमहाविहारमा आज भिक्षु सुवोधानन्द महास्थविरको प्रमुख आतिथ्यमा एवं बखतबहादुर चित्रकारको सभापतित्वमा २२५९ औं शस्त्र परित्यागदिवस थेरवाद बौद्ध केन्द्रीय दायक परिषद्को आयोजनामा सम्पन्न भयो।



Downloaded from http://www.dhamma.digital

सम्राट् अशोकद्वारा कलिङ्गयुद्धमा विजय पश्चात् विरक्तभई शस्त्र परित्याग गरिएको दिनको स्मरण गर्दै आयोजना गरिएको उक्त कार्यक्रममा दायक परिषद्का सचिव विष्णु शाक्यले स्वागत भाषण गर्नुभएको यसबेला दायक परिषद्कै उपाध्यक्ष कृष्णकुमार प्रजापतिबाट कार्यपत्र प्रस्तुत गर्नुका साथै टिप्पणीकारहरू तथा अन्य बुद्धिजीवीहरूबाट उठाइएका प्रश्नको प्रत्युत्तर दिनुभएको थियो ।

उक्त कार्यक्रममा बौद्ध विद्वान् प्रा. सुवर्ण शाक्य र साहित्यकार लाभरत्न तुलाधरबाट टिप्पणी गर्नुभएको थियो भने मन्तव्यको क्रममा भिक्षु अश्वघोष महास्थविरले "सम्राट अशोकबाट शस्त्र परित्याग गरेको भनेको मूलत: हृदय परिवर्तन भएको हो, यो सानोकुरो होइन भन्नुभयो । प्रा. आशाराम शाक्यले मन्तव्यको क्रममा बुद्धले जीवन जिउने कला सिकाउनु भएको छ भन्नुभयो । यस्तै मेजर दीपबहादुर गुरुङ्ग, गञ्जमानसिंह गुरुङ्गबाट पनि आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएको यस कार्यक्रममा थेरवाद केन्द्रीय बौद्ध दायक परिषद्का वरिष्ठ सल्लाहकार लोकबहादुर शाक्यबाट धन्यवाद ज्ञापन गर्नुहुँदै विकृति हटाउन हामी जागरुक हुनुपर्ने बताउनुभयो ।

थेरवाद बौद्ध केन्द्रीय दायक परिषद्का अध्यक्ष बखतबहादुर चित्रकारले सभापतिको आसनबाट बोल्नुहुँदै परिषद्को ३ वर्षको प्रगति विवरण प्रस्तुत गर्नुहुँदै सम्राट् अशोकले शस्त्र परित्याग गर्नुभएको दिन यही विजयादशमी भएकोले सम्राट अशोकबाट हामीले पनि शिक्षा लिनुपर्ने कुरा बताउनुभयो । अन्तमा भिक्षु सुबोधानन्द महास्थविरले पुण्यानुमोदन गर्नुभई सभा विसर्जन गर्नुभयो । कार्यक्रम संचालन श्यामकृष्ण मानन्धरले गर्नुभएको थियो ।

**विश्वशान्तिमा कथिनोत्सव र उद्घाटन सम्पन्न**

काठमाडौं, कार्तिक ९ गते । बुद्धशासनलाई टेवादिई शिक्षा पर्यन्तको व्यवस्था गर्न विश्वशान्ति विहारलाई पुनर्निर्माण गरी प्रमुख अतिथि म्यानमारको अग्गमहापण्डित उ. सासनाभिवंशको करकमलबाट समुद्घाटन समारोह सम्पन्न भयो । यसको लगत्तै भिक्षु संघलाई मलेसियन दाताहरूबाट कथिन चीवर दान गरिएका थिए ।

उद्घाटन समारोहमा विहार प्रमुख एवं उद्घाटन समारोह समितिका अध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरले स्वागत भाषण गरिसकेपछि दायक समितिका सचिव सुश्री अमिता धाख्वाले विहारको प्रतिवेदन प्रस्तुत गरिन् भने उद्घाटन समारोह समितिका सचिव सुवर्ण शाक्यले क्रियाकलाप प्रतिवेदन प्रस्तुत गर्नुभयो । सोही समारोहमा अग्गमहापण्डित उ सासनाभिवंस र भिक्षु बुद्धघोष महास्थविरहरूलाई अभिनन्द पत्र प्रदान गरियो । यसरी नै स्मारिका विमोचन पनि गरिएको थियो ।

कार्तिक २ गते देखिनै विविध क्रियाकलापहरूको संचालन गरी साप्ताहिक कार्यक्रमको आयोजना पनि भएको समाचार प्राप्त हुन आएको छ । जस अन्तर्गत अस्थायी प्रवज्या, जसमा १० जना श्रामणेर र १० जना योगीनी ( ऋषिनी ) भएका थिए । त्यस्तै उपत्यकाब्यापी अन्तर बौद्ध परियत्ति शिक्षा केन्द्रहरूका बीच निबन्ध, चित्रकला, वक्तृत्वकला, हाजिरीजवाफ, परित्राण पाठ प्रतियोगिताको आयोजना पनि गरिएको थियो । प्रथम, दोस्रो, तेस्रो र सान्त्वना प्राप्त गर्ने विद्यार्थीहरूलाई ८ गते भिक्षु बुद्धघोष महास्थविरले पुरस्कार दिनुभयो ।

साप्ताहिक रूपमा आयोजित उक्त समारोहमा साप्ताहिक धर्मदेशना, ध्यान-भावना, शील प्रार्थना र अभिधम्मपट्ठान पाठ पनि भएको थाहा हुन आएको छ । साथै उक्त समारोहमा मलेसियन, सिंगापुरियन र बर्मीज दाताहरूले पनि भाग लिएका थिए ।

**जन्मोत्सव**

**गत आश्विन ११ गते सुमंगल विहारमा भिक्षु बुद्धघोष महास्थविरको जन्मदिनको उपलक्ष्यमा बुद्धपूजा, धर्मदेशना तथा दान आदि गरी भव्य रूपमा मनाइएको समाचार छ ।**



Downloaded from http://www.dhamma.digital

# बर्षावास र कठिन चीवर दान

आषाढ पूर्णिमा देखि आश्विन पूर्णिमा ३ महिना सम्म भिक्षुहरू एकै स्थानमा रहने गरी बर्षावास बिताउने नियम छ। यस अवधि पश्चात् एक महिनाको आश्विन पूर्णिमा देखि कार्तिक पूर्णिमा सम्म भिक्षुसंघलाई कठिन चीवर दान दिने महोत्सव शुरू हुने गर्छ। त्यही नियम अनुसार विभिन्न मितिमा विभिन्न दाताहरूले विभिन्न विहारहरूमा कठिन चीवर दान महोत्सव सम्पन्न गरिएको विवरणहरू निम्न तालिकामा यसरी उल्लेख गरिएको छ।

| मिति | विहार | दाता |
|---|---|---|
| २०५४ कार्तिक १ गते | श्रीघ:विहार | नरेन्द्र बहादुर सिंह र श्रीमती अम्बिका सिंह |
| २०५४ कार्तिक २ गते | श्री सुमंगल विहार, ललितपुर | पद्मकीर्ति बिहार परिवार, कमलपोखरी |
| २०५४ कार्तिक ४ गते | प्रणिधिपूर्ण विहार, बलम्बु | चन्द्रमाया, ईश्वर |
| २०५४ कार्तिक ५ गते | पाटी विहार, ठिमी | स्थानिय उपासक, उपारिकाहरू |
| २०५४ कार्तिक ९ गते | विश्व शान्ति विहार, मीन भवन | मलेसियन दाताहरू |
| २०५४ कार्तिक १० गते | मणिमण्डप विहार, ललितपुर | स्थानिय उपासक, उपासिकाहरू |
| २०५४ कार्तिक ११ गते | जेतवन विहार, थानकोट | तेजमाया परिवार |
| २०५४ कार्तिक १८ गते | बौद्ध समकृत विहार, भक्तपूर | स्थानिय उपासक उपासिकाहरू |
| २०५४ कार्तिक १९ गते | पूर्वाराम बिहार, धुलिखेल | उपासक, उपासिकाहरू |
| २०५४ कार्तिक २० गते | पद्म सुगन्ध विहार, चिकंमुगल | स्थानिय उपासक उपासिकाहरू |
| २०५४ कार्तिक २१ गते | गण महाविहार | उपासिका, लाजिम्पात |
| २०५४ कार्तिक २२ गते | ध्यानकुटी विहार, बनेपा | अष्टबहादुर र शुक्रमाया मानन्धर |
| २०५४ कार्तिक २३ गते | अन्तरराष्ट्रिय बौद्ध भावना केन्द्र, संखमूल | ध्यानकेन्द्र परिवार |
| २०५४ कार्तिक २४ गते | नगर मण्डप कीर्ति विहार | लक्ष्मण कुमार र केशावती |
| २०५४ कार्तिक २५ गते | संघाराम विहार, ढल्को | भिक्षुणी संघरक्षिता |
| २०५४ कार्तिक २६ गते | बोधिचर्या विहार | दर्शनदेवी सह-उपासक उपासिकाहरू |
| २०५४ कार्तिक २७ गते | आनन्दकुटी विहार | कृष्ण देवी वज्राचार्य परिवार |
| २०५४ कार्तिक २८ गते | शाक्यसिंह विहार | भक्तिमा परिवार |

यसको अलावा पोखरा स्थित धर्मशीला विहारमा सम्पन्न भएको कठिन चीवर दान महोत्सवमा भाग लिन (भिक्षु संघ संख्याको आवश्यकतालाई दृष्टिगत गरी) काठमाण्डौबाट भिक्षु प्रज्ञापूर्ति, भिक्षु धर्ममूर्ति र वाग्लुङ्गबाट भिक्षु विशुद्धानन्द आदिले भाग लिनु भएका थिए।

## बौद्ध जागरणमा लामा प्रशिक्षण शिविर

दोलखा, सम्त्यन क्षोस्लिङ गोम्पा र हिमाली बौद्ध कुल परम्परा संस्थाको आयोजनामा (मिति २०५४ कार्तिक २४ गते देखि ३० गते सम्ममा सम्पन्न हुने गरी) दोश्रो जिल्ला ब्यापी बौद्ध तथा लामा प्रशिक्षण शिविर संचालन भइरहेको समाचार प्राप्त भएको छ।

उक्त प्रशिक्षण शिविरका प्रशिक्षक र प्रशिक्षण दिइने विषयहरू यसरी उल्लेख गरिएका छन्।

| प्रशिक्षक | प्रशिक्षार्थी |
|---|---|
| १) खेन्पो ङवाङ वोसेर लामा | ञिथिक डोनडो चित्ततिल्गको पूर्वाभ्यास। |
| २) कमल लामा | ग्यलस्प लगलेन (सैंतिसी बोधिंचर्या) |
| ३) कान्छा लामा भिक्षु | बुद्ध धर्मको व्यवहारिक पक्ष |
| ४) प्रा. इन्द्रबहादुर खड्का (भू.पु. सांसद) | कम्युनिष्ट विचारमा बुद्धधम |
| ५) श्री गणेश योञ्जन | स्थानिय वातावरण |
| ६) हर्षमुनी शाक्य | बुद्ध धर्म र जनजाती |
| ७) जनक नेवा | बुद्ध धर्मको विभिन्न निकाय |
| ८) विपेन्द्र महर्जन | बोधिसत्त्व सम्वन्धी जातक कथा |
| ९) श्री मिग्मा शेर्पा | कृषि सम्वन्धी |
| १०) खेन्पो ङवाङ बोसेर | पंचशील |




Downloaded from http://www.dhamma.digital

# "संघनायक शाक्यानन्द भन्तेले चिताबाट दिनुभएको सन्देश"

- प्रस्तुती : भिक्षु अश्वघोष

हेर भिक्षुहरू, उपासकोपासिकाहरू ! भगवान बुद्धले **"मरणं तं हि जीवितं"** भनी आज्ञा भए अनुसार कुनैपनि प्राणीको शास्वत जन्मसिद्ध अधिकार भन्नु नै मृत्यु हो, यो जन्मको लगत्तै छायाँ समानको पछि पछि लागेर आइरहेको हुन्छ । जहाँ उत्पत्ति त्यहाँ विनाश अवश्यम्भावी छ, जहाँ जन्म हुन्छ मरण धर्मलाई साक्षात्कार गर्नै पर्ने हुन्छ । जीवन र प्रकृतिको स्वरूप र ढाँचामा समानता छ । हो, जीवन अनिश्चित हुन्छ तर मृत्यु निश्चित नै छ । मृत्युले व्यक्ति, रूप, रंग, वर्ण, धर्म, जाति, भाषा भनी अलग्गै महत्व दिएको हुँदैन र यहाँ सबै मरेर जानुपर्छ, सब चीज विनाशमुखी छ ।



( संघनायक शाक्यानन्द महास्थविर )

बुद्ध भाषित **"मरणंपि दुक्खं"** यसमा कसैको दुईमत नहोला । प्रकृतिको नियम-स्वभाव धर्मलाई शिरोपर गरी मृत्युशय्याबाट मात्र मेरो पार्थिव शरीरलाई सुम्पेर म आफ्नो गन्तब्यतिर बाइ बाइ भन्दै लागें र त तिमीहरू अहिले राम्दी नदीको तटमा बनाइएको चितामाथि रहेको मेरो पार्थिव शरीरलाई दाग बत्ती दिन भाव विभोर भएर भएता पनि तयार भइराखेका छौ । यसो गर्नै पर्दोरहेछ, हाम्रो मृत्यु संस्कार यस्तैछ । तर मलाई एउटा कुरा कस्तो कस्तो खल्लो लागिरहेछ कि काठमाडौंका भिक्षु-भिक्षुणीहरू काठमाडौं बाहिरकै दानादि पुण्यकर्म हुने ठाउँमा आवश्यकभन्दा बढी सरिक हुनेहरू आज यहाँ पुग्नमा किन पो पछि परेछ ? यो अनुत्तरित प्रश्न राम्दी नदीमैं छोडी जाँदैछु ।

भोजपुरमा जन्में, भिक्षु भएँ र बर्माको बुद्ध धर्मको अध्ययन पश्चात धर्मप्रचारार्थ तानसेनमैं बढी समय करीब ४ दशकभन्दा बढी नै बिताएँ । तानसेनवासीहरूका माझ म धर्मदूतकै रूपमा रहें । किन हो कुन्नि ? लाभ सत्कार, बढी नभएर पनि मलाई तानसेन अति नै प्रिय लाग्छ । सक्दो तानसेनवासी मेरा उपासकोपासिकाहरूले मैले सिकाएझैं बुद्ध शिक्षालाई अनुशरण गर्नेतर्फ लागेकै छ । यहाँ चार चारवटा विहारहरू छन्; देवता नभएको मन्दीर झैं अब सबै शून्य अवस्थाले गुञ्जिन सक्छ । उपासकोपासिकाहरू ! काठमाडौंबाट कोही भिक्षु आउनु होला र बस्नुहोला भनी धुक्क भएर चाहिं नबस् । सक्दो तिमीहरू आफैं चलाउने तर्फ मेलमिलापपूर्ण वातावरण श्रृजना गर्ने तर्फ अघि बढ्नु जाती होला ।

अँ ! दाग बत्ती लगाउन अगाडि भिक्षुसंघलाई पनि अन्तिमान्तिम ओवादका रूपमा केही भन्न चाहन्छु । कानमा तेल नहालीकन ध्यान दिएर भए पनि सुनी त देउ– "यदि म प्रति भिक्षु संघको सच्चा श्रद्धा नै छ भने स्थायी रूपमै भन्दिनँ, तर अस्थायी समयावधी अर्थात् कमसेकम एक एक महिनाको समय तानसेनमा कुनै एक भिक्षु पालैपालो धर्मदूत भई बुद्ध शिक्षा प्रचार गर्न विविध कार्यक्रमहरू संचालन गर्ने कार्यक्रम थालनी गरे धेरै उपलब्धी हुने नै छ । **"अञ्ञाहि लाभूपनिसा अञ्ञा निब्बाण गामिनी"** भन्ने बुद्ध वचनलाई हृदयंगम गरी लाभ-प्रशंसा, सम्मान र सत्कारमा, सुविधाभोगी हुनुबाट टाढीनु पर्छ । अति लाभ र सत्कार भुल्दा आफ्नो लक्ष नै बिर्सिने र समस्याकै भुमरीमा अलमल्लिरहनु हुन्छ ।

हुन त यहाँ भएका विहारहरू मध्येमा महाबोधि विहारमा धेरै सुविधायुक्त छ र धर्मदूतको रूपमा आउनेहरू महावोधिमैं बसे पनि त हुन्छ । तर मलाई चाहिं आनन्द विहार नै रमाइलो लाग्छ । मलाई पूराका पूरा सन्तुष्टि नै प्राप्त भएको छ । मलाई ससम्मान स्वरूप नायक पदको हस्तान्तरण गर्दा मलाई राजधानीमैं बस्न ठूलो आग्रह गरिएता पनि मैले आफ्नो प्यारो तानसेनलाई छोड्ने विचार गर्नै सकिनं ।

ल ! त, अब धेरै के भनुं ? सदा पर्यन्तका लागि तिमीहरूबाट टाढिएर, विलिन भएर, हराएर आफ्नो गन्तव्यको यात्रामै हिंडे ।

मुद्रक : **"न्यू नेपाल प्रेस"** • अफिस फोन : २२१०३२ फ्याक्स : (९७७-१) २२५४५०, प्रेस : ४२१४५०, ४१४७५३

Downloaded from http://www.dhamma.digital